अन्तिम लेखापरीक्षण प्रतिवेदन

मनहरी गाउँपालिका,मकवानपुर ।

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.:२०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
मनहरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रजैया,मकवानपुर ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.:२४३

मितिः२०७८।०५।०४

श्री प्रमूखज्यू,
मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रजैया,मकवानपुर।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको भएता पनि समग्र आर्थिक कारोवारलाई समेट्न सकेको छैन।

२. लेखापरीक्षणबाट रु १४करोड ७६लाख ८७ हजार बेरुजू देखिएको छ ।सोमध्ये असुल गर्नुपर्ने रु २ करोड ४४लाख ५३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४ करोड १८ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु ४ करोड ६१ लाख १७ हजार र पेश्की बाँकी रु ३करोड ५२ लाख ५१ हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति.२०७८।१।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४२ (बयालिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभुत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

मनहरी गाउँपालिका, मकवानपुरको लेखापरीक्षण प्रतिवेदन

आ.ब.२०७६।७७

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १९९.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा ४६ हजार ८५३ घरधुरी तथ्याङ्क सर्भेक्षण २०७६ अनुसार जनसंख्या रहेको छ ।	
	असुली: लेखापरीक्षणको क्रममा औंल्याए पश्चात रु.११८९८७८५। तथा प्रतिकृयाबाट रु.७३१९५२। समेत रु.१२६३०७३७। रकम असूल भई सम्वन्धित राजस्व खातामा दाखिला भएको छ ।	
	फिर्ता दाखिला: आर्थिक वर्ष २०७६/०७७ मा भएको निकासा मध्ये बाँकी रहेका संघिय सशर्त अनुदान तर्फ रु.१३६११३२९.१४ र प्रदेश स-सर्त अनुदानको रु.३७६४०४०.०० समेत जम्मा रु.१७३७५३६९.१४ मिति २०७७/०४/०४ मा फिर्ता दाखिला भएको छ।	
	स्थानीय संचित कोष: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०७६।०७७ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनको क्रममा भएका व्ययहरु समेत समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजि**म** रहेको छ।	

	यस वर्ष रु.		
विवरण	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	७४,४५,०९,५००	६५,३८,२१,७८२.९९	६५,३८,२१,७८२.९९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	६१,३४,७५,०००	५१,४४,८३,४१७.९९	५१,४४,८३,४१७.९९
११००० कर	१३,१३,८४,०००	१०,८०,६२,५००.४६	१०,८०,६२,५००.४६
१३००० अनुदान	३५,४०,५२,०००	२९,५९,१९,८९५.५३	२९,५९,१९,८९५.५३
संघीय सरकार	३२,४८,४४,०००	२७,१७,२५,९२०.८६	२७,१७,२५,९२०.८६
प्रदेश सरकार	२,२५,०८,०००	१,८७,४३,९६०	१,८७,४३,९६०
जनसहभागिता	६७,००,०००	५४,५०,०१४.६७	५४,५०,०१४.६७
१४००० अन्य राजस्व	१२,८०,३९,०००	११,०५,०१,०२२	११,०५,०१,०२२
ख. अन्य प्राप्ति	१३,१०,३४,५००	१३,९३,३८,३६५	१३,९३,३८,३६५
वितरण गर्न बाकी राजस्व	०	१५०	१५०
कोषहरु	१,२६,५०,०००	१,७१,१५,९३५	१,७१,१५,९३५
धरौटी	०	१,५६,७०,१२५	१,५६,७०,१२५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	११,८३,८४,५००	१०,६५,५२,१५५	१०,६५,५२,१५५
भुक्तानी (ग+घ)	८७,४८,०९,५००	६२,७८,४२,५५६.९३	६२,७८,४२,५५६.९३
ग. भुक्तानी (सञ्चित कोषबाट)	७४,३७,७५,०००	५०,७७,२६,८१६.९३	५०,७७,२६,८१६.९३
२१००० पारिश्रमिक / सुविधा	१५,४०,५७,८००	१४,०६,४६,१६२.८९	१४,०६,४६,१६२.८९
२२००० मालसामान तथा सेवाको उपयोग	१५,०८,४८,४२६	१०,१९,३३,९५४.०४	१०,१९,३३,९५४.०४
२५००० सहायता (Subsidy)	६८,२०,०००	३९,३६,७०१	३९,३६,७०१
२६००० अनुदान	४२,००,०००	३१,७३,३७५	३१,७३,३७५
२७००० सामाजिक सुरक्षा	५२,१३,०००	४०,५३,०१९	४०,५३,०१९
२८००० अन्य खर्च	४०,४९,५७४	३०,८०,८१४	३०,८०,८१४
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	४१,८५,८६,२००	२५,०९,०२,७९१	२५,०९,०२,७९१

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

घ. अन्य भूक्तानी	१३,१०,३४,५००	१२,०१,१५,७४०	१२,०१,१५,७४०
कोषहरु	१,२६,५०,०००	१,१५,७५,२१०	१,१५,७५,२१०
धरौटी	०	१९,८८,३७५	१९,८८,३७५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	११,८३,८४,५००	१०,६५,५२,१५५	१०,६५,५२,१५५
ङ. यो वर्षको बचत (न्युन)	(१३,०३,००,०००)	२,५९,७९,२२६.०६	२,५९,७९,२२६.०६
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१९,७६,१७,४०७.५६	१९,७६,१७,४०७.५६
वर्षान्तको बाकी रकम (ङ + च)	(१३,०३,००,०००)	२२,३५,९६,६३३.६२	२२,३५,९६,६३३.६२
बैंक तथा नगद बाकी		२२,३५,९६,६३३.६२	२२,३५,९६,६३३.६२

वित्तीय विवरण विश्लेषण

१. **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२१२०२ ले फरक परी (बैंक बढी) देखिएको छ । फरक रकम हिसाव मिलान गर्नु पर्दछ ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु तथा कार्यक्रमहरुको लेखाकंन सुत्रमा नराखेको र प्रतिवेदन समेत मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको नदेखिएबाट उपरोक्त प्राप्ती तथा भुक्तानीको बिबरण यथार्थ रहेको भन्न मिल्ने देखिएन।

  त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.३२२९७६६४।१०, पुजीगत खर्च खातामा रु. ७७४६५०५१ र विभाज्य कोषमा रु.१५० समेत गरी रु.१०९७६२८६५।१० मौज्दात रहेको पाईयो • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो। • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मनिला विष्टले मिति २०७६।०३।१० गते रु एकसठ्ठी करोड उनान्सय लाख एकतिस हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३ ।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले श्रावण १ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
४.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अवण्डामा राखी खर्च लेखेको बिभिन्न बजेट तथा कार्यक्रम सम्वन्धी बिबरण लेखापरीक्षणलाइ पेश हुन आएन । बजेट अबण्डमा राखी अध्यक्ष र कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
५.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
बिभिन्नः	२५०९०२७९१	९५९१५९९	५५९६१९१२	१८५३४९२८०	१२०४०८३५३
खर्च प्रतिशत	१००	३.८०	२२.३०	७३.९०	४८

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस उप महानगरपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको बिवरण प्राप्त भएको छ ।	

क्रम संख्या	मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	८,२३,१०,१८९	४,८४,७३,४१४	५८.८९
२	सामाजिक विकास	३२,२२,७३,५१७.५९	२३,७२,२०,७९३.२८	७३.६१
३	पूर्वाधार विकास	२३,१०,७५,५०१.४१	१३,८६,४८,६७८	६०
४	सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	३,९४,८२,१४५	२,५१,१३,१४०.५८	६३.६१
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	६,८६,३३,६४७	५,८२,७०,७९१.०७	८४.९
	कुल जम्मा	७४,३७,७५,०००	५०,७७,२६,८१६.९३	६८.२६

	उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः	
	खर्च बिश्लेषणः मनहरी गाउँपालिकाले गतः वर्षको बाँकि रकम रु.१९,९५,७६,४१९.६५, यस बर्ष कुल आन्तिरक आयबाट रु.२,०७,४८३१६.२६ जनसहभागितावाट रु.५४,५०,०१४.६७ र राजस्व बाँडफाँड, अनुदानबाट रु.४७,८१,४४,२७७.०६ समेत रु.७०,३९,१९,०२७.६४ आम्दानी भएकोमा चालु तर्फ रु २५,६८,१६,६४५.९३ र पूँजिगत तर्फ रु.२५,११,८७,७९१.०० र बित्तिय ब्यबस्था तर्फ रु ७,००,७७,१६१.०० (सामाजिक सुरक्षा/स्थानीय,भौतिक पुर्वाधार समेत) रु.५७८०८१५९७.९३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु .६१,०८,००० खर्च भएको छ जुन आन्तरिक आयको २९.४३ प्रतिशत रहेको छ ।मनहरी गाउँपालिकाले प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३६.४८ प्रतिशत चालु र ३५.६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।	
७.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.८००००००.०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।	
८.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको ४१ गरी कुल ४८ विवाद दर्ता भएकोमा शुन्य वटा फछ्र्यौट भई ४८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
९.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले कानुनमा तोकिए बमोजिम आन्तरिक लेखापरीक्षणलाइ थप प्रभावकारी र भरपर्दो बनाइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
१०.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ रु.२२१३९७७।५० खर्च गरेको छ	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
११.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ८,३९,९८० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ	
१२.	**पेश्की बाँकी विवरणः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ती तथा संस्थाले यो वर्ष देहाय बमोजिम लिएको मोबिलाइजेशन लगायत अन्य पेश्की रु.३५९७३१९८ मध्ये म्याद नाघेको रु.३५९७३१९८ रहेको देखियो । आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको म्याद नाघेको पेश्की रकम नियमानुसार फछ्र्यौट हुनु पर्ने देखिएको रु.	३५१६३२००

पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	गत वर्षको वाँकि	यस वर्षको वाँकि	जम्मा वाँकी
सिटिजन्स बैक	३,२३३,६००	१२६५५८००	१५,८८९,४००
साग्रिला बैक	०.००	३०६४२००.००	३,०६४,२००
मुक्तीनाथ बैक	०.००	१२४६७२००.००	१२,४६७,२००
एन.अाई.सी. एसीया बैक	०.००	६६९१०००.००	६,६९१,०००.
तरुण कन्स्ट्रक्सन	०.००	२८५,०००.००	२८५,०००
जम्मा	३२३३६००	३५१६३२००	३८३९६८००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१३.	**जिन्सी सम्पत्तीः** स्थाआर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । साविकका २ वटा गा बि स मिलेर बनेको यस गाउपालिकामा साबिकका स्थानिय निकायबाट १।१ वटा ल्यापटप बाहेक अन्य जिन्सी सम्पत्ती, पेश्की बाकी र बेरुजु बाँकी सम्वन्धी अभिलेख साविकका स्थानिय निकाय तथा बिषयगत शाखाहरुबाट यस स्थानिय तहमा नआएको व्यहोरा लेखापरीक्षणमा जानाकारी प्राप्त भयो । जिन्सी खाता समेत शाखा प्रमुख र कार्यालय प्रमुखबाट आ व को अन्त्यमा प्रमाणित भएको देखिएन । कार्यालयले जिन्सी निरीक्षण गरेको जनाएता पनि एक सदस्यि टोलीबाट गरिएको हुदा बिश्वसनियता गर्ने आधार कमजोर रहेको देखियो । जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका लिलामी, मर्मत र मुल्य खुलाउने आदि जस्ता कार्वाही टुंगो लगाएको देखिन आएन । तसर्थ आन्तरिक नियन्त्तण कमजोर हुनगएको र सम्पत्तीको सदुपयोग सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा सम्वन्धित पक्षले यथाशिघ्र ध्यान दिइ सम्पत्तीको यथार्थ अवस्था यकिन गर्नुपर्ने देखियो ।	
	आन्तरिक आम्दानी तर्फ- कार्यालयले यो वर्ष रु २०७४८३१६।२६ आन्तरिक आम्दानी भएको व्यहोरा आय व्यय बिवरणमा उल्लेख गरेको छ । जसको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।	
१४.	गाउपालिकाले ९ वटा वडा कार्यालय र गाउँपालिका आफुले मालपोत र अन्य नगदी रसिद मार्फत गर्ने आन्तरिक आम्दानीको प्राप्ती र अभिलेखीकरण गर्ने कार्य स्वीकृत म.ले.प.फारम नम्बरहरु १०१, १०२, १०५, १०६, १०७, १०८, १०९ लगायतका अभिलेखहरु मार्फत राखेको नदेखिदा पूर्ण रहेको भन्न सकिने अवस्था देखिएन । कार्यालयले गर्ने सबै प्रकारको आम्दानीमा स्वीकृत म ले प फारम नम्बरहरु लगायतका स्वीकृत लेखा ढाँचामा अभिलेख अद्यावधिक गर्ने नगरेबाट कुन रसिदबाट के कति आम्दानी भयो र उक्त आम्दानी मध्ये के कति आम्दानी बाधी कहिले दाखिला भयो आदि सम्बन्धमा यकिन हुन सकेन । जसले गर्दा आन्तरिक नियन्त्रणको व्यवस्था कमजोर रहन जानुको साथै आम्दानीको हिनामिना र मस्यौट भएको छैन भन्न सकिने अवस्था देखिएन । यसमा सम्बन्धित निकायको ध्यान गई यथार्थता यकिन गरिनु पर्दछ ।	
	आय ठेक्का : कार्यालयले यो वर्ष ठेक्का व्यवस्थापन मार्फत २०७६/०८/१७ देखि २०७७ साल आषाढ मसान्तसम्म रु.१३,५९,४५,०००।- (मु. अ. कर बाहेक) असुल गरेको जनाएको छ ।जसको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्।	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१५.	गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न ३० वटा क्रसर उद्योगहरुमा स्टकमा रहेको मध्ये २,६२,५८५ घन मिटर र रासी खेलाको मनहरी खण्डमा IEE Report ले उत्खनन् गर्न सकिने भनि तोकेको वार्षिक २,६०,५०० घनमिटर समेतले हुने ५,२३,०८५ घन मिटरको प्रदेश कानुनद्धारा तोकिएको दर प्रति घन मिटर रु.९ का दरले हुने रु.१६,६०,८९,९५०।- (मु. अ. कर बाहेक) न्यूनतम कबोल अंक कायम गरी लागत अनुमान स्वीकृत गर्नुपर्नेमा रु। १४ करोड २० लाख न्यूनतम कबोल अंक कायम गरी लागत अनुमान स्वीकृत गरेको देखियो । राजस्व परामर्श समितिले ठेकेदारलाई १५ प्रतिशत ओभरहेड बापत रकम घटाएर न्यूनतम कबोल अंक कायम गरेको व्यहोरा लेखापरीक्षणमा जानकारी प्राप्त भयो।यस प्रकार कायम गरिएको न्यूनतम कबोल अंकको अधारमा आह्वान गरिएको बोलपत्र प्रश्ताव बमोजिम रु.१४ करोड ३१ लाख (मु.अ. कर बाहेक) कबोल अंक रहेको सि. वि. कन्स्ट्रक्सन प्रा. लि. सँग सम्झौता गरी कार्य गरिएको छ । बागमती प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७५ को दफा १५ र आर्थिक ऐन २०७६ बमोजिम उत्खनन् संकलन र बिक्री गर्न तोकिएको परिमाणमा प्रति घनफिट रु ९ (मु.अ. कर बाहेक) ले हुने रकम न्यूनतम कबोल अंक कायम गर्नुपर्ने प्रावधान छ ।उक्त न्यूनतम कबोल अंकमा १५ प्रतिफुट रकम ठेकेदारको लागि ओभरहेड भनी घटाउन मिल्ने कुनै कानुनी प्रावधान देखिन आएन । यसरी न्यूनतम कबोल अंक कायम गर्दा १५ प्रतिशत ओभरहेड कट्टी गरी घटाएर कायम गरेबाट गाउँपालिकालाई रु २४७३१३४० नोक्सानी हुन गएको रु.	२७९४६४१४
१६.	उक्त न्यूनतम कबोल अंक रु। १४ करोड २० लाखलाई आधार मानी मिति २०७६र०६र०६ मा आह्वान गरेको बोलपत्र सूचना अनुसार ४ वटा हार्डकपि र एक वटा इ बिडिङ्ग मार्फत समेत ३ वटा बोलपत्र प्रश्तावहरु पेश हुन आएको छ । जसमा प्रथम बढी कबोल अंक सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा लि को रु। १४ करोड ५७ लाख, दोश्रो बढी अंक सि.वि. कन्स्ट्रक्सन प्रा॥लि॥ को रु। १४ करोड ३१ लाख र तेश्रो बढी अंङ्क हिरोज कन्स्ट्रक्सनको रु। १४ करोड ३० लाख (मु. अ. कर बाहेक) रहेको देखियो। जसमा सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा. लि. ले मिति २०७६।०७।२८ मा बैंक जमानतको मिति सम्बन्धी विषयमा दुविधा भएको भन्ने बुझिरहेकोले भनि कृषि विकाश बैंकबाट मिति २०७६।०७।२६ को जानकारी उल्लेखित पत्र समेत थप पेश भएको देखियो । सो समेतका आधारमा मुल्याङ्कन समितिले २ पटक सम्म मुल्याङ्कन गर्दा समेत स्पष्ट राम दिन नसकेको व्यहोरालाई कार्यपालिकाको मिति २०७६।०८।०५ को निर्णयानुसार दोश्रो बढी अंक कबोल गर्ने सि.वि. कन्स्ट्रक्सन प्रा॥लि॥ को कबोल अंक रु १४ करोड ३१ लाखको ठेक्का स्वीकृत गर्ने भनी गरेको निर्णय बमोजिम सम्झौता गरी कार्य गरेको छ । यस प्रकार बढी अंक कबोल गर्ने बोलपत्र दातासँग सम्झौता नगरी दोश्रो बढी अंक कबोल गर्ने बोलपत्रदातासँग सम्झौता गरेबाट कार्यालयलाई रु २६ लाख मा मु॥अ॥कर समेतले हुने रकम रु.२९,३८,०००।- अम्दानी घट्न गएको छ। यस सम्बन्धमा सम्बन्धित पक्षबाट यथार्थता एकिन गरिनुपर्दछ।	
१७.	मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार मूल्य अभिवृद्धि कर योग्य बस्तु तथा सेवाको कारोबार गर्दा मु.अ. कर बापतको रकम असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ। उक्त कबोल अंक रु.१४ करोड ३१ लाख मा एकमुष्ट बुझाएबापत निजले ५ प्रतिशत छुट सहित हुने रु. १३,५९,४५,०००।- (मु.अ. कर बाहेक) बुझाइ मिति २०७६।०८।१७ मा सम्झौता गरेको छ। उक्त रकम बुझाइ सम्झौता गर्दाकै बखतमा लाग्ने मु.अ.कर रकम एकमुष्ट बुझाइ सो पश्चातको करदाताको बिक्रि कारोबारमा मु. अ. कर रकम क्रेडिट मिलान गर्दै जानुपर्नेमा सो बमोजिम ठेकेदारको मु. अ. कर बुझाएको देखिन आएन तसर्थ उक्त मु. अ. कर रु.१,७६,७२,८५०।- सम्झौता गर्दाको महिनाको अर्को महिनाको २५ गतेभित्र नियमअनुसार मु. अ. कर दाखिला गरेको सक्कल बैङ्क भौचर पेश हुनपर्ने अन्यथा कानुनबमोजिम लाग्ने शुल्क र जरिवाना समेतले हुने रकम एकिन गरी सो समेत निज ठेकेदारबाट थप गरी असुल तथा दाखिला हुनुपर्ने रु.	१७६७२८५०
१८.	मनहरी गाउँ कार्यपालिकाको मिति २०७७ पौष १ गतेको निर्णय नं १३,ख अनुसार सि.वि. कन्स्ट्रक्सन प्रा .लि. ले कार्यालयबाट प्रमाणित गरी उपलब्ध गराएको राजश्व रसिद भन्दा अन्यथा प्रकारको नक्कली रसिद	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	प्रयोग भएको नक्कली रसिदको अर्धकट्टीहरु समेत फिर्ता आएको एकै दिन धेरै फरक सिरिपलका रसिद समेत प्रयोग भएकोले राजश्व छली तथा हानी नोक्सानी भएको भन्ने उजुरी तथा गुनासोको सम्बन्धमा थप विशेषज्ञताको आवश्यकता औंल्याउदै राजश्व परामर्श समितिले तथ्यहरु सहित अभिलम्भ पेश गर्ने भनी निर्णय गरेको छ। यसबाट उक्त आम ठेक्कामा प्रर्याप्त राजश्व छली हिनामिना भएको हुन सक्ने तथ्यलाई मध्यनजर गरी एक स्वतन्त्र छानबिन निकायबाट अध्ययन अनुसन्धान गर्ने गराउनु पर्नेमा ले.पा. अवधि २०७७।१२।२० सम्म पनि सो बमोजिम भए गरेको देखिएन।	
१९.	**वातावरण शुल्क -** गाउँपालिका अन्तरगतको क्षेत्रबाट उत्खनन्, संकलन र बिक्रि गरिने गिट्टी, बालुवा, रोडा, ढुङ्गा लगायतको निकासीमा प्रति घनफिट रु.२० (बिस पैसा) का दरले वातावरण शुल्क असुल गर्ने भन्ने गाउँसभाले बिगत वर्षदेखि निर्णय गरी गाउँपालिकाको आर्थिक ऐनमा समावेश गरे अनुरुप यो वर्ष वातावरण शुल्कबापत जम्मा रु.४५,८९,०७५।६१ असुल गरेको देखियो। जसको परीक्षण गर्दा निम्नानुसार देखियो ।	
१९.१.	गाउँपालिका क्षेत्रभित्रबाट गिट्टी, बालुवा, रोडा, ढुङ्गा आदिको उत्खनन्, संकलन, बिक्रि बापतको शुल्क असुल गर्ने गरी २०७६।०४।०१ देखि २०७६।०८।१६ सम्म गाउँपालिकाको सात जना व्यक्तिहरुलाई ज्यालादारीमा नियुक्त गरी निजहरु मार्फत उत्खनन्, संकलन, बिक्रि बापतको शुल्क र वातावरण शुल्क अशुल गरिएको पाइयो। यसरी उक्त समयसम्म निजहरुमार्फत उत्खनन्, संकलन, बिक्रि शुल्क बापत मु।अ।कर समेत प्रति घनफिट रु. १०।१७ का दरले रु.५,८७,२५,५२४।६६ असुल भएको व्यहोरा नगदी रसिद नं १ देखि १६,७०० सम्मका रसिदहरुबाट देखियो। जसलाई आधार भन्दा सो अवधिमा १,६३,६७३।१२ घन फिट र सामग्री निकासी भएको पाइयो। सोही अवधिमा वातावरण शुल्क अशुलीतर्फ हेर्दा नगदी रसिद नं १ देखि १६,७०० सम्मका नगदी रसिद मार्फत रु.११,९०,८४९।६१ अम्दानी र दाखिला भएको छ। जसअनुसार प्रति घनफिट रु १२० का दरले १६८७७१।२० घनमिटर सामग्री निकासी भएको देखिन आयो। यसप्रकार वातावरण शुल्क अशुलीको परिमाण भन्दा उत्खनन्, संकलन, बिक्रि शुल्क अशुलीको परिमाण ५,०९८।०८ घनमिटरको प्रति घनफिट रु १०।१७ का दरले हुने रु.१८२९१७९ रकम कार्यालयलाई नोक्सानी पुर्याएको देखिएकोले उक्त रकम पदाधिकारी र व्यक्तीलाई कानुन बमोजिम जवाफदेही बनाइ असुल गर्नुपर्ने रु.	१८२९१७९
१९.२.	गाउँपालिका क्षेत्रभित्रबाट गिट्टी, बालुवा, रोडा, ढुङ्गा आदिको उत्खनन्, संकलन, बिक्रि शुल्क बापतको असुल गर्ने कार्य २०७६।०८।१७ देखि २०७७।०३।३१ सम्म ठेक्का व्यवस्थापन मार्फत ठेकेदार सि।वि। कन्स्ट्रक्सन मार्फत स्टकमा रहेको र उत्खनन् तथा संकलन समेत ५,२३,०८५।- घन मिटर बिक्रि गरी शुल्क अशुल गर्न सम्झौता भए बमोजिम कार्य गराइएको छ तर सोही अवधिमा उक्त बिक्रि र निकासी गरेको परिमाणमा कार्यालयले अमानत वातावरण शुल्क अशुल गर्दा नगदी रसिद नं १६७०१ देखि ६१४५० सम्मका रसिदबाट प्रति घनफिट रु१२० का दरले रु ३३९८२२६ अशुल भएको देखिएबाट ४८१६०८ घनमिटर को मात्रा वातावरण शुल्क अशुल भएको देखिन आयो। तसर्थ ठेकेदार मार्फत बिक्रि र निकासी गरेको परिमाण भन्दा वातावरण शुल्क अशुल गर्दा बिक्रि तथा निकासी गरेको परिमाण ४१,४७७ घनमिटरको घटी वातावरण शुल्क असुल भएको देखिएकोले सोको हुने रु.२,९२,६६१ सम्बन्धित पदाधिकारी र कर्मचारीलाइ कानुन बमोजिम जिम्मेवार तुल्याइ अशुल गर्नुपर्ने रु.	२९२६६२
२०.	**उत्खनन् ठेक्का**. कार्यालयले मनहरी गा।पा। स्थित राखि खेलाबाट क्ष्भ प्रतिवेदनले औंल्याए बमोजिम २,६०,४२० घनमिटर नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्न ३ वटा ठेक्का मार्फत रु.१३०१०४३८ को सम्झौता पौष १७ गते गरेकोमा १९८२२५ घनमिटर उत्खनन् भएको जनाइ निम्नानुसार रु.४७,२३,९६५।- भुक्तानी भएको छ। जसमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।	

गो।भौ।नं।।मिति	ठेकेदारको नाम	सम्झौता परिमाण	सम्झौता अंक	उत्खनन् परिमाण	भुक्तानी
४५४।२०७७।३।८	शिव निर्माण सेवा	१०८५०० घा।मि।	११६४७४७	१०७१०० घा।मि।	६०५११५
४८६।२०७७।३।१६	शिवशक्ति इन्फ्रा डेभलपर्स प्रा।लि।	८४८८० घा।मि।	६६५६४६०	२५००० घा।मि।	११३००००
४८६।२०७७।३।१६	शिवशक्ति इन्फ्रा डेभलपर्स प्रा।लि।	६७०४०घा।मि।	५१८९२३१	६६१२५ घा।मि।	२९८८,८५०
जम्मा		**२६०४२० घा।मि।**	**१३०१०४३८**	**१९८२२५ घा।मि।**	**४७२३९६५**

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२०.१.	उपरोक्त ठेकेदारहरुले ठेक्का वापतको कार्य गरी भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको नापी किताब र ठेक्का विल अनुसार उपरोक्त बमोजिम रु.१९८२२५ घन मिटर उत्खनन् भएको भनी जम्मा रु.४७२३९६५ भुक्तानी लिएको देखियो। कार्यालयको रेकर्ड अनुसार १४ वटा क्रसर उद्योगको लागि जम्मा १८०६८४ घनमिटर नदिजन्य पदार्थको पटके छोडपुर्जी जारी भएको देखियो तर उक्त पटके छोडपुर्जी कार्यालय आफै छपाई गरी अभिलेख अद्यावधिक गरी राजश्व शाखाबाट जारी गर्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन। उक्त पटके छोडपुर्जी ठेकेदारहरु स्वयमले छपाइ गरेको व्यहोरा लेखापरीक्षणमा जानकारी प्राप्त भयो। यसरी भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको परिमाण र ठेकेदार स्वयमले छपाई गरी जारी गरेको पटके छोडपुर्जी जुन कार्यालयमा अभिलेख राखिएको छ। सो आधारमा घटी देखिएको परिमाण १७५४१ घनमिटरको प्रदेश कानुन र मुल्य अभिवृद्धि कर ऐन बमोजिम लाग्ने शुल्क रु १०।१७ प्रतिघनफिटका दरले हुने रकम रु. ६२९३६६९ र गाउँपालिकाले तोकेको बिक्रि मुल्य प्रति घनमिटर रु.६७।८० का दरले हुने रु.११८९२८० समेत हुने रु.७४८२९४९ मा प्रचलित कानुन बमोजिम लाग्ने जरिवाना समेतले हुने रकम सम्बन्धित ठेकेदारहरुबाट अशुल गर्नुपर्ने रु.	७४८२९४९
२०.२.	ठेकेदार सि।वि।कन्स्ट्रक्सनसँग नदीजन्य पदार्थको आय ठेक्का सम्झौता गर्दा IEE Report ले उल्लेख गरेको परिमाण २६०५०० घनमिटर र स्टकमा रहेको परिमाण समेत जम्मा ५२३०८५ घनमिटर को ठेक्का सम्झौता भई निजले सोको सम्झौता बमोजिमको अंक २०७६ मंसिर १७ गते ५ प्रतिशत छुट समेत लिइ हुने रकम एकमुष्ट रुपमा कार्यालयमा बुझाएको छ। सो बमोजिम निजले स्टकमा रहेको समेत IEE ले यो वर्षलाइ अनुमति दिएको सबै परिमाण २६०५०० घनमिटर बिक्रि गरेको स्पष्ट हुन्छ। तर उत्खनन् गर्न ताकिएको ३ वटा ठेक्कामा IEE ले उत्खनन् गर्न स्वीकृत गरेको परिमाण भनी २६०४२० घनमिटरको सम्झौता गरिएकोमा उत्खनन गरेको ठेक्काको रकम भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको नापी किताब र ठेक्काबिलमा उपरोक्त बमोजिम जम्मा १९८२२५ घनमिटर मात्र उत्खनन् गरेको देखाइएको छ।यसैगरी उत्खनन् कर्ता ठेकेदारहरु बाट उत्खनन् भएको पदार्थको निकाशी १४ वटा क्रसर उद्योगहरुलाई निज ठेकेदारहरु स्वयमले छपाई गरी जारी गरेको पटके पूर्जी जुन कार्यालयमा अभिलेखमा रहेको छ। सोको आधारमा केवल १८०६८४ घनमिटर मात्र उत्खनन् गरी पटके छोडपूर्जी मार्फत चलान भएको देखियो। उपरोक्त तथ्यबाट के स्पष्ट हुन्छ भने उत्खनन् परिमाण र कार्यालयमा देखाइ आम्दानी बाधिएको परिमाण बिच ठुलो अन्तर रहेको छ। यस सम्बन्धमा सम्बन्धित निकायबाट यथार्थता एकिन गरी फरक पर्न गएको ६२२७५ घनमिटर कार्यालयलाई पर्न गएको नोक्सानी रकम गाउँपालिकाले तोकेको बिक्रि मुल्य प्रति घनमिटर ६७:८० का दरले हुने रकम रु. ४२२२२४५ कानुन बमोजिम असुल गर्नुपर्ने देखिएको मुल्य रु.	४२२२२४५
२०.३.	बागमती प्रदेशको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धी मापदण्ड २०७५ बमोजिम गठित स्थानीय अनुगमन समितिको सिफारिस समेत मनहरी गाउँ कार्यपालिकाको मिति २०७७।०१।३१ गतेको निर्णय नं २ अनुसार कतिपय क्रसर उद्योगहरुमा कार्यालयले उपलब्ध गराएको परिमाण भन्दा बढी परिमाणको पदार्थ रहेको भन्ने निर्णय सहित ११ वटा क्रसर उद्योयहरुमा बढी भएको परिमाण १२६००० घनमिटरको कार्यालयको बिक्रिमुल्य बराबर रु ६७:८० प्रति घनमिटरका दरले हुने रु ८३,३८,६००।- निजहरुबाट असुल गर्ने निर्णय भए बमोजिम असुल भएको छ।त्यसैगरी गाउँ कार्यपालिकाको मिति २०७७ पौष १ गतेको निर्णय नं (खण्ड ग अनुसार) २०७७ असार मसान्त सम्मको खुद स्टकमध्ये कार्यालयले उत्खनन् प्रमाणित गरेको भन्दा बढी देखिएको परिमाण १८३१८१ घनमिटरको कार्यालयले तोकेको प्रति घनमिटर बिक्रिमुल्य रु ६७।८० का दरले हुने रु.१,२४,१९,६७२।- दण्ड जरिवाना असुल गराउने समेत निर्णय भइको देखियो। तसर्थ यसबाट के पुष्टि हुन्छ भने उक्त ३ वटा ठेक्का व्यवस्थापनबाट उत्खनन् कार्य गर्दा कार्यालयबाट स्वीकृत गरेको परिमाण भन्दा बढी परिमाणमा उत्खनन् र बिक्रि तथा निकासी भइरहेको अवस्था छ। यसमा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।	
२०.४.	कार्यालयले यो आ.व २०७६।७७ मा अमानतबाट रु.५,२०,९१,७२४।— र ठेक्काबाट रु. १३,५९,४५,०००।- समेत जम्मा रु.१८,८०,३६,७२४।- (मु अ कर) बाहेक नदीजन्य पदार्थको बिक्रिबाट	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अम्दानी गरेको छ। उक्त तथ्यलाई आ.व २०७५।७६ र २०७७।७८ को.ले.प.अवधि २०७७।१२।२० सम्म भएको प्रगतिसँग तुलना गरी हेर्दा आ व २०७५।७६ मा वर्षभरी नै अमानतबाट असुल गरीएको र वर्षभरीमा अमानतबाट करीब २३ करोड ८० लाखको हाराहारीमा उक्त आम्दानी भएको जानकारी प्राप्त भयो। त्यसैगरी २०७७।७८ को लेखापरीक्षण अवधि सम्मको प्राप्त प्रगती विवरण हेर्दा २०७७ फागुनको पहिलो हप्तासम्म अमानतबाट करिब १५ करोड असुली भएको र तत्पश्चातको ठेक्का व्यवस्थापन मार्फत रु १३ करोड १ लाख ७६ हजारको सम्झौता भएबाट २०७७।७८ मा करिब रु.१८,८०,३६,७२४।- मात्र आम्दानी भएको देखिदा उठ्नुपर्ने सम्भावना भन्दा धेरै घटी आम्दानी भएको देखियो । तसर्थ उपरोक्त तथ्यहरु समेतलाई मध्यनजर गरी राजश्व छली वा हानी नोक्सानी भए नभएको सम्बन्धमा स्वतन्त्र छानविन गरी सत्य तथ्य उजागर गरी कानुन बमोजिम हुनुपर्ने देखिन्छ।	
२१.	**निकुञ्जको राजश्व :-** पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयको चलानी नं १३८५ मिति २०७६।११।१८ को पत्र अनुसार यस गाउँपालिका कार्यालयलाई वन नियमावली २०५१ को अनुसूची ६ को खण्ड (ख) बमोजिम प्रति घनमिटर रु. ६०।- ले हुने IEE प्रतिवेदनमा उल्लेखित उत्खनन् गर्न स्वीकृत परिमाणको रकम उक्त कार्यालयलाई पठाइदिन भनि पत्राचार गरेको देखियो। जसअनुसार यस गाउँपालिकाको कार्यालयले गो. भौ. नं. ५०९ मिति २०७७।०३।१८ को पत्रबाट प्रति घनमिटर रु.१५। का दरले १९८२२५ घनमिटरको हुने रु.२९,७३,३७५।- मात्र पठाएको देखियो। यसमा उक्त निकुञ्ज कार्यालयको तालुक निकायबाट यथार्थता एकिन गरिनुपर्ने देखिन्छ।	
२२.	मनहरी र लोथर खोलाको आम्दानी ः यो आ। व। २०७६÷७७ मा कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदिको उत्दनन्, संकलन र बिक्रि बापतको शुल्क जम्मा रु. १८,८०,३६,७२४।- (मु.अ. कर बाहेक) असुली भएको मध्ये अमानतबाट रु ५२०९१७२४। र ठेक्का व्यवस्थापनबाट रु.१,३५,९४,५००।- असुली भएको देखियो। उक्त आम्दानी सबै रकम राप्ती खोलाको विभिन्न बिन्दुबाट संकलन र बिक्रिबाट भएको देखियो। उक्त राप्ती खोला बाहेक यस गाउँपालिका क्षेत्रभित्रका मनहरी खोला र लोथर खोलाबाट यो वर्ष कुनै आम्दानी भएको पाइएन। तर गत आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले वर्षभरी नै अमानतबाट रु २०६३४४४००।- (मु. अ. कर बाहेक) असुल भएको जानकारी प्राप्त भयो। जुन आम्दानी राप्ती खोला, मनहरी खोला र लोथर खोलाबाट अमानतमा गरिएको जनाइएको छ । यसरी सरसर्ती हेर्दा २०७५।७६ को उक्त आम्दानीमा २०७६।७७ सँग तुलना गरी हेर्दा करिब २० प्रतिशतको हाराहारी आम्दानी मनहरी र लोथर खोलाबाट हुन सकेको अवस्था पाइयो। तर आ व २०७६।७७ मा भने उक्त मनहरी र लोथर खोलाबाट आम्दानी शुन्य रहेको देखियो। त्यसैगरी मनहरी खोलाबाट उक्त स्थानभन्दा माथिको क्षेत्रबाट समेत अन्य स्थानीय तहले आम्दानी प्राप्त गरिरहेको व्यहोरा जानकारी प्राप्त भयो। यसप्रकार मनहरी खोला र लोथर खोलाबाट आर्थिक वर्ष २०७६।७७ मा आम्दानी शुन्य भएको सम्बन्धमा सम्बन्धित निकायले यथार्थता एकिन गरिनुपर्दछ।	
२३.	**फोहोरमैला शुल्क** - कार्यालयमा रहेको ट्र्याक्टर एक थानबाट यो वर्ष वडा नं ६ देखि ९ सम्मका ४ वटा वडाहरुमा फोहोर संकलन गरेबाट प्रति घरधुरी रु. ५०।- देखि रु. ३००।- सम्मका दरले यो वर्ष जम्मा रु ३,७९,८००।- फोहोरमैला शुल्क असुल गरी आम्दानी बढेको देखियो। उक्त फोहोरमैला संकलन गर्न तोकिएको ३ जना कर्मचारी (चालक, सहचालक र सन्चालक) लाई यो वर्ष देहाय बमोजिम रु. ६,७९,७३०।- पारिश्रमिक र ट्र्याक्टर मर्मत खर्च रु.१०६००।समेत रु ६,८९,९७०।- खर्च लेखेको देखियो। जसमा ईन्धन खर्च समेत समावेश गर्दा उक्त खर्च थप बढ्न सक्ने देखिन्छ। यसप्रकार आम्दानी भएको रकमभन्दा बढी हुने गरी आम्दानी गर्न गरिने खर्चका सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्ने देखिएको रु.	३१०१७०

बिबरण	मासिक	वार्षिक
संकलकको पारिश्रमिक	९,५००।-	१,१४,०००।-
ड्राइभर	२४,०१०।-	३,१२,१३०।-
हेल्पर	१९,४८०।-	२,५३,२४०।-
मर्मत	-	१०,६००।-
जम्मा		**रु. ६,८९,९७०।-**

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पूंजीगत खर्च तर्फः गाउँपालिकाको कार्यालयले उपलब्ध गराएको विबरण अनुसार योवर्ष गरेको निम्नानुसार पूंजीगत खर्च रु.२६२४३२३४४ को परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् ।	

गाउपालिका पुँजीगत	२२१९४९८१२
शिक्षा	९३४८८२४।००
स्वास्थ्य	३१९९८७७।००
कृषि	८५७२५०।००
संघिय हस्तान्तरित	३९०९५००।००
प्रदेश हस्तान्तरित	७०७१७३०।००
विषेश अनुदान	३८४३८००।००
प्रदेश पुर्वाधार विकास कार्यक्रम	३६४८५५१।००
स्थानिय पुर्वाधार विकास कार्यक्रम	८६०३०००।००
जम्मा पूजिगत खर्च	२६२४३२३४४

२४.	लोथर-हङलाङ फटिवाङ्ग हिलदमार गन्थली सडकको चेनेल नं. ६+६९० देखि ९+१८० कि. मि. सम्म बाटो कटिङ्ग गरी चौडा बनाउने कार्य ठेक्का नं १८-०७६।७७ का निर्माण व्यवसायी प्रतिक्षा निर्माण सेवासँग रु.२२२७२४२।९० (मु अ कर समेत) को ठेक्का सम्झौता मिति २०७७।०३।१६ मा भई कार्य सम्पन्न गर्ने अवधि ६ महिना अर्थात २०७७।०८।१५ सम्म तोकिएको छ।सम्झौताको SCC खण्डको दफा नं GCC1.1(hh) मा सम्झौता भएको ७ दिन सम्ममा कार्य सुरु गर्नुपर्ने उल्लेख रहेको छ। तर प्राविधिक शाखाको प्राविधिक मुल्याङ्कन अनुसार उक्त काम सम्पन्न भई मिति २०७७।०३।२३ मा नापजाच समेत भैसकेको उल्लेख रहेको देखियो।सम्झौता बमोजिम काम सुरु गर्नुपर्ने ७ दिनको अवधि समाप्त नहुदै कार्य सम्पन्न भएको भनि नापजाँच समेत गरिएको कागजातको आधारमा रु.२०७१७३० भुक्तानी गरी कार्य सम्पन्न भएको देखाइएको सम्बन्धमा सम्बन्धित निकायबाट यथार्थता एकिन गरिनु पर्दछ।	
२५.	**भ्यूटावरको अध्ययन** - कार्यालयले देउकोट भ्यूटावर र गोगनपानी भ्यूटावरको डिपिआर अध्ययन वापत निम्नानुसार रु.९९४०० भुक्तानी दिई खर्च लेखेको छ। जसमा निम्नानुसार देखियो।	

मिति	भ्यूटावर	लागत अनुमान	सम्झौता कर्ता	सम्झौता मिति	अवधि	भुक्तानी
२०७७।३।३०	गोगनपानी	४९९३९५	सार्थक ई. कन्सल्टेन्सी	२०७६र११र११	२०७७।२।११	४९७२००
२०७७।३।३०	देउकोट	४९९३९५	गुरु ई. सोलुसन्स	२०७६र११र११	२०७७।२।११	४९७२००
जम्मा	जम्मा	९९८९७०				९४४००

२५.१.	उपरोक्त बमोजिम लागत अनुमानमा Institutional Test ५ प्रतिशत भनि प्रत्येक योजनामा रु २१०४४।८८ (मु. अ. कर बाहेक) का दरले रकम थप गरी स्वीकृत गरिएको लागत अनुमानको आधारमा सम्झौता गरी कार्य गराई भुक्तानी दिएको देखियो । यसप्रकार परामर्शदातालाई Institutional Test भनी भुक्तानी दिन मिल्ने नदेखिएको हुदा उक्त रकममा मु। अ। कर समेत थप गरी हुने रकम दुबै परामर्शदाताबाट असुल गर्नुपर्ने रु.	४७५६२
२५.२.	उक्त २ वटा भ्युटावरको एकमुष्ट लागत अनुमान तयार गरी नियमानुसार शिल्डवन्दी आर्थिक र प्राविधिक प्रश्ताव माग गरेर छनौट प्रश्ताव माग गरेर छनौट गरी एकमुष्ट अध्ययन गराउनु पर्नेमा एउटै लागत अनुमान तयार गरी उल्लङ्घन हुनुको साथै प्रतिस्पर्धा, मितव्ययिता र पारदर्शिता कायम भयो भन्न मिल्ने देखिएन।	
२६.	**आवधिक लगानी योजना तर्जुमा-** कार्यालयले आवधिक लगानी योजना तर्जुमा गरेको भनि एकाउन्टाविलिटी इनिसियटिभ प्रा.लि. लाई गो. भौ. नं. ५९९/०७७/३/२८ बाट रु.१९८७४४ भुक्तानी गरेकोमा निम्नानुसार देखियो ।	
२६.१.	गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्मको लागि आवधिक योजना तर्जुमा गर्न परामर्शदाता छनौट गर्ने प्रयोजनको लागि रु.१९९२७५५ को लागत अनुमान तर्जुमा गरिएकोमा आर्थिक शाखा प्रमुखबाट नेपाल सरकारको स्वीकृत नर्म्स र दररेट अनुसार लागत अनुमान स्वीकृत हुनुपर्ने र विषयगत दक्षता खुल्ने कागजात राख्नुपर्ने भनी राय लेखेकोमा सो नखुलाइ उक्त रकम लागत अनुमान स्वीकृत गरेको पाइयो।	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	साथै उक्त लागत अनुमान कुन नर्म्स, आधार र दररेटको आधारमा तयार गरिएको हो र के कस्ता विज्ञहरु आवश्यक पर्ने हो। सो समेत खुलाएको देखिएन। यसप्रकार स्वीकृत लागत अनुमानको आधारमा ३ वटा परामर्शदातासँग खुलारुपमा दरभाउ पत्र लिएको आधारमा प्राविधिक र आर्थिक प्रश्तावको मुल्याङ्कन गरी लागत अनुमान भन्दा ०.२६ प्रतिशत घटी कबोल अंक भएको एकाउन्टाविलिटी इनिसियटिभ प्रा।लि। को रु. १९८७४४४ स्वीकृत गरी मिति २०७६।९।२९ मा सम्झौता गरी कार्य गराइएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ उपनियम ६० बिपरित बिना आधार लागत अनुमान तर्जुमा गरिएको र ३ वटासँग खुला दरभाउँ पत्र मार्फत दररेट लिई सम्झौता गरेबाट कार्यालय समेतको मिलेमतोमा कार्य भएको छैन भन्ने आधार देखिन आएन। साथै पारदर्शिता, मितव्ययिता र प्रतिस्पर्धा स्वरुप कार्य भएको भन्न मिल्ने देखिएन।यसमा सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ।	
२७.	**पुलनिर्माणको डिपिआर अध्ययन** - कार्यालयले निम्न ५ वटा पुलहरुको डिपिआर अध्ययन गरेको भनि प्रति पुल रु.९५२७३९ का दरले देहाय बमोजिम रु.४७६३६९५ भुक्तानी दिई खर्च लेखेको छ। जसको परिक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।	

गो।भौ।नं।रमिति	परामर्शदाता	पुलको नाम	सम्झौता मिति	अवधि	भुक्तानी
३७०।२०७७।३।३०	साउथ एसियन कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा। लि।	ट्रवाङ्ग्रा खोला र मसिने खोला पुल	२०७६र०७र२५	२०७७र११र२५	१९,०५,४७८
३७२।२०७७।३।३०	इन्जिनियरिङ परामर्श केन्द्र	हाडीखोला पुल र ठाडो खोला पुल	२०७६र०८र२४	२०७६र१२र३०	१९,०५,४७८
३७१।२०७७।३।३०	विल्ड एशिया रिसर्च एण्ड डेभलपर्स प्रा। लि।	च्यापल खोला पुल	२०७६र१०र०३	२०७७र०२र३०	९,५२,७३९
		जम्मा			**४७६३६९५**

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२७.१.	**लागत अनुमान तयारी र स्वीकृती** - कार्यालयले उक्त अध्ययन कार्यको लागि लागत अनुमान तर्जुमा गर्दा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको विधि र प्रकृया पुरा गरी सम्बन्धित प्राविधिकबाट स्वीकृत नर्म्स र दररेटको आधारमा तयार गर्नुपर्दछ। उक्त ५ वटा पुलहरुको लागत अनुमान तयार गर्दा कार्यालयका जिन्सी शाखाका खरिदारबाट ३ वटा छुट्टै लागत अनुमान तयार गरेको देखियो। तर उक्त लागत अनुमान स्वीकृत भएको छैन।भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०७५।१०।४ को निर्णयबाट स्वीकृत भएको नर्म्स बमोजिम तयार गरेको जनाइएता पनि उक्त नर्म्सको टेबुल नम्बर ७ बमोजिम तोकिएको नर्म्स र आधारसँग उक्त लागत अनुमान मेल खाएको देखिन आएन। उक्त ५ वटा पुलहरुको एकमुष्ट लागत अनुमान तर्जुमा गर्नुपर्नेमा ३ वटा टुक्रा बनाई तयार गरेको छ। जसले गर्दा उक्त लागत अनुमान यथार्थमा आधारित भई तर्जुमा गरिएको भन्न सकिने अवस्था देखिन आएन। यसमा सम्बन्धित निकायको ध्यान गई यथार्थता एकिन गरिनुपर्दछ।	
२७.२.	**ठेक्का टुक्राएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा गर्न नहुने दफा २६ को उपदफा (६) मा आपसमा मिलेमतो गरी दाखिला गरेको बोलपत्र रद्ध हुने प्रावधान रहेको छ । उपरोक्त अनुसार स्वीकृत गरिएको ३ वटा लागत अनुमान २० लाख भित्र रहेका भनिएको आधारमा प्रत्येकको कार्यालयले ३।३ वटा सँग पत्रमार्फत शिल्डबन्दी दरभाउपत्र लिई आर्थिक र प्राविधिक मूल्याङ्कन नगरेको पाइयो। एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउनु पर्नेमा ३ वटा टुक्रा गरी पत्र मार्फत शिलबन्दी दरभाउपत्र लिई आर्थिक र प्राविधिक मूल्याङ्कन गरेको पाइयो। एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउनु पर्नेमा ३ वटा टुक्रा गरी पत्र मार्फत शिलबन्दी प्रस्ताव आह्वान गरी प्राप्त भएका प्रस्तावलाइ मूल्याङ्कन गरी उपरोक्त बमोजिम स्वीकृति र सम्झौता गरिएको छ। यसप्रकार पेश भएका प्रस्तावहरु समेत जोससँग सम्झौता गरिएका छन। ३ वटैको एउटै अंक प्रतिपुल रु.९५२७३९ जुन लागत अनुमान रु..९७७१६८।२६ भन्दा २.५० प्रतिशत घटी रहेका छन । जसबाट ऐनको प्रावधान विपरित टुक्रा गरिएको र दफा २६ को उपदफा (६) को प्रावधान	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	विपरित कार्यालय समेतको मिलेमतोमा गरिएको कार्य होइन भन्ने आधार देखिन आएन। तसर्थ यस सम्बन्धमा सम्बन्धित निकायबाट यथार्थता एकिन गरि कार्यालयलाई पर्न गएको थप व्यय भार रकम एकिन गरि कानुन बमोजिम असुल हुनुपर्ने रु.	४७६३६९५
२८.	**जस्तापाता खरिद**- कार्यालयले देहायबमोजिम जस्तापाता र त्रिपाल खरिद गरि जम्मा रु.४५१७५०७ भुक्तानी गरेको छ। जसमा देखिएका व्यहोरा निम्नानुसार छन।	

गो भौ नं। मिति	आपूर्ति कर्ता	खरिद विधि	परिमाण	दर मू अ कर बाहेक	भुक्तानी
४१५।२०७७।२।२१	तार्केश्वर हार्डवेयर एण्ड सप्लायर्स	सोझै	६४ वण्डल	६८९५।-	४९८६४६
३८९।२०७७।३।३१	पुनम सप्लायर्स	शिल्ड दरभाउ पत्र	२४९ वण्डल	६६४५।-	१८६९७०३
१२८।२०७७।३।३१	पुनम सप्लायर्स	शिल्ड दरभाउ पत्र	२४९ वण्डल	६८४०।-	१९२४५७१
२५१।२०७७।३।१५	पुनम सप्लायर्स त्रिपाल खरिद	सोझै	७५ थान	२६५०।-	२२४५८७
	जम्मा				४५१७५०७

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२९.	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा गर्न नहुने दफा २६ को उपदफा (६) मा आपसमा मिलेमतो गरेमा ठेक्का रद्ध हुने उल्लेख छ। कार्यालयले उपरोक्त बमोजिम जस्तापाता खरिद गर्दा एकमुष्ट लागत अनुमान तर्जुमा गरि वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने मा उपरोक्त बमोजिम ३ वटा टुक्रा रु २० लाख र रु ५ लाख भित्र पारि छुट्टाछुट्टै खरिद गरेको छ। शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्दा आपूर्तिकर्तासँग उक्त दुबै ठेक्काको सम्झौता एउटै मिति २०७७।०३।२५ मा गरि खरिद गरेको छ। यसप्रकार ३ पटक गरिएको खरिदमा ३ किसिमका छुट्टाछुट्टै दर राखी खरिद र सोको भुक्तानी भएको देखियो। यसरी फरक दर परेकोमा घटी दर प्रतिवण्डल रु.६,६४५।- भन्दा बढीका दरले हुने भुक्तानी कार्यालयलाई थप व्यय भार परेको हुँदा असुल हुनुपर्ने रु.	७२९४८
३०.	उपरोक्त बमोजिम ठेक्का टुक्रा गरि कार्यालय समेतको मिलेमतोमा गरिएको खरिद कार्यको यथार्थता एकिन गरिनु पर्दछ। यसैगरी उक्त जस्तापाता र त्रिपालहरु सम्बन्धित कार्यहरुमा प्रयोग भएको प्राविधिक पुष्ट्याई सहितको नापी किताव पेश हुनुपर्नेमा सो बमोजिम पेश भएको नदेखिएको हुदा पेश हुनुपर्ने रु.	४५१७५०७
३१.	मनहरी रुपाचुरी सडक स्तरोन्नती कार्य ठेक्का नं १३.०७५।७६ का निर्माण व्यवसायी मनकामना विल्डर्ससँग रु ३२३७६७३।१२ को ठेक्का सम्झौता मिति २०७५।१२।२८ मा भई कार्य सम्पन्न गर्ने अवधि ४ महिना अर्थात २०७६।०४।२७ सम्म तोकिएको थियो। निजले यो वर्ष तेश्रो रनिङ्ग विल र चौथो तथा अन्तिम विलको जम्मा रु.१५१३४९३। भुक्तानी लिएको छ। निजले तेश्रो रनिङ्ग विलको काम ठेक्का विलमा २०७६।०८।२० मा नापजाँच गरेको उल्लेख छ। भने चौथो तथा अन्तिम विलको नापजाँच उक्त तेश्रो विलको मितिभन्दा अगाडि २०७६।०८।०५ मा भएको व्यहोरा ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरिएको छ। तर निजको सार्वजनिक खरिद नियमावलीको नियम १२० वमोजिम निम्नानुसार म्यादथप भएको देखिएन। तसर्थ ढिला अवधिको नियम १२१ वमोजिम ११५ दिनको लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रु. १,८६,१६६।- निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.	१८६१६६
३२.	**तल्लो मसिने खानेपानी योजना** - तल्लो मसिने खानेपानी योजना ठेक्का नं १०-०७५र७६ को निर्माण गर्न निर्माण व्यवसायी यी प्रेरक कन्स्ट्रक्सन एण्ड प्रिफ्याव होम्स प्रा लि सँग रु.३६,१६,८४१।- को सम्झौता मिति २०७५।१२।२९ मा भइ कार्य सम्पन्न गर्ने अवधि १२० दिन अर्थात २०७६।०४।२७ सम्म तोकिएको थियो। उक्त अवधिमा निजले कार्य सम्पन्न गरेको र म्यादथप भएको देखिन आएन। यो आ व को २०७६।०८।१५ सम्म निजले रु.२०,६३,६५६।- बराबरको कार्य गरि २ वटा रनिङ्ग विलबाट भुक्तानी लिएको छ। ले प अवधि २०७७।१२।२० सम्म पनि निजले उक्त निर्माण कार्य सम्पन्न गरेको र म्यादथप	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भएको नदेखिएकोमा प्रतिकृयासाथ उक्त खानेपानी योजनाको कार्य अबधि २०७७।३।३१ सम्मका लागि म्याद थप गरेको प्रमाण कागजात पेश भएको छ ।	
३३.	**लोथर खानेपानी योजना** - लोथर खानेपानी योजना ठेक्का नं ९-०७५।७६ को निर्माण गर्न निर्माण व्यवसायी यी प्रेरक कन्स्ट्रक्सन एण्ड प्रिफ्याव होम्स प्रा लि सँग रु २५२२३३४।- को सम्झौता मिति २०७५।१२।२९ मा भइ कार्य सम्पन्न गर्ने अवधि १२० दिन अर्थात २०७६।०४।२७ सम्म तोकिएको थियो। उक्त अवधिमा निजले कार्य सम्पन्न गरेको र म्यादथप भएको देखिन आएन। यो आ.व. को २०७६।०८।१५ सम्म निजले रु.१४३११५८।- बराबरको कार्य गरि २ वटा रनिङ्ग विलबाट भुक्तानी लिएको छ। लेखापरीक्षण अवधि २०७७।१२।२० सम्म पनि निजले उक्त निर्माण कार्य सम्पन्न गरेको र म्यादथप भएको नदेखिएकोमा प्रतिकृयासाथ उक्त खानेपानी योजनाको कार्य अबधि २०७७।३।३१ सम्मका लागि म्याद थप गरेको प्रमाण कागजात पेश भएको छ ।	
३४.	बसन्तपुर डिल्लिपुर सडक निर्माण कार्यको लागि ठेक्का नं १६-०७५।७६ बाट निर्माण व्यवसायी रत्न कुमारी एण्ड सन्ससँग रु.२४७५६३०।- को ठेक्का सम्झौता मिति २०७५।१२।२० मा भइ कार्य सम्पन्न गर्ने अवधि २०७६।३।२० सम्म तोकिएको थियो। उक्त अवधिमा निजले रु.२३४६७४१।- को कार्य सम्पन्न जनाई निजले यो वर्ष भुक्तानी भएको देखियो तर तत्पश्चात निजले कार्य सम्पन्न गरेको र म्यादथप गरेको नदेखिएकोले सा। ख। नियमावली, २०६४ को नियम १२१ बमोजिम लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रु. २४७५६३।- असुल गरी यथाशिघ्र कार्य सम्पन्न गर्नुपर्ने रु.	२४७५६३
३५.	कार्यालयले देहाय बमोजिम HDPE Pipe लगायत **रु.५१०९८७९ को खरिद गरी भुक्तानी गरेको छ । जसको परीक्षणबाट देखिएका व्यहोरा निम्न छन् ।**	

गौ भौ नं । मिति	बिक्रेता	खरिद बिधि	घटी प्रतिशत	भुक्तानी	योजनाको नाम
३०८।०७७।३।२२	गोदावरी प्लाष्टो क्राफ्ट इ प्रा ली	सोझै	शुन्य	२१४३००	नखुल्ने
३६५।०७७।३।२८	गोदावरी प्लाष्टो क्राफ्ट इ प्रा ली	बोलपत्र	३१.४७	२५०५४९२	गोगनपानी खा पा यो
८०।०७६।१०।२१	गोदावरी प्लाष्टो क्राफ्ट इ प्रा ली	शिल्डबन्दी दरभाउ पत्र	०.००५	१६५८०८७	लोथर खा पा यो
३६३।०७७।३।२८	नारायणी माइक्रो पाइप उ प्रा ली	शिल्डबन्दी दरभाउ पत्र	२१.१०	७३२०००	डोसे सुकौरा डीप बोरिगं खा पा यो

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३५.१.	सार्वजनिक खरिद एन २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ८ मा खरिद योजना लगायत खरिद प्याकेजको बारेमा उल्लेख रहेको छ । कार्यालयले उपरोक्त बमोजिम HDPE Pipe र डीप बोरिगं पाइप लगायत सामाग्री खरिद गर्दा एउटै प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै, शिल्डबन्दी दरभाउपत्र र बोलपत्र गरी चार पटकसम्म खरिद गरेको देखियो । यसरी गरेको खरिदलाइ तुलना गरी हेर्दा बोलपत्रको तुलनामा देहाय बमोजिम कार्यालयलाइ थप व्ययभार परेको अवस्था छ । यस प्रकार पर्न गएको थप व्ययभारलाइ कानुन सम्मत भन्न मिल्ने नदेखिएको रु.	६६५०६५

गो भौ नं। मिति	बिक्रेता	भुक्तानी	बोलपत्रको तुलनामा बढी प्रतिशत	बढी व्ययभार रकम
३०८।०७७।३।२२	गोदावरी प्लाष्टो क्राफ्ट इ प्रा ली	२१४३००	३१.४७०	६७४४०
८०।०७६।१०।२१	गोदावरी प्लाष्टो क्राफ्ट इ प्रा ली	१६५८०८७	३१.४६५	५२१७१७
३६३।०७७।३।२८	नारायणी माइक्रो पाइप उ प्रा ली	७३२०००	१०.३७०	७५९०८
	जम्मा			६६५०६५

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३५.२.	उक्त पाइप लगायतका सामाग्रीहरु कार्यालयले खरिद गरी देहाय बमोजिम उपभोक्ता समितिका अध्यक्षलाइ हस्तान्तरण फारम मार्फत बुझाइ खर्च जनाएको देखियो । तर उक्त सामाग्री सम्वन्धित योजनामा प्रयोग गरेको नापी किताव ठेक्का बिल लगायतको प्राविधिक पुष्टयाइ पेश हुन नआएकोले पेश हुनुपर्ने रु.	५१०९८७९

गौ भौ नं । मिति	योजनाको नाम	भुक्तानी	उ स अध्यक्ष

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

३०८।०७७।३।२२	नखुल्ने	२१४३००	नखुल्ने
३६५।०७७।३।२८	गोगनपानी खा पा यो	२५०५४९२	खड्ग बहादुर भुजेल
८०।०७६।१०।२१	लोथर खा पा यो	१६५८०८७	चन्द्र बहादुर थिगं
३६३।०७७।३।२८	डोसे सुकौरा डीप बोरिगं खा पा यो	७३२०००	लोकेन्द्र बहादुर मोक्तान
	जम्मा	५१०९८७९	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३६.	कार्यालयले यो आ व २०७६।७७ मा देहाय बमोजिमा भुक्तानी गरेकोमा निम्नानुसारका प्रमाण तथा कागजातहरु लेखापरीक्षणमा पेश हुन नआएकोले परीक्षण हुन सकेन । तसर्थ निम्नानुसारका प्रमाण कागजातहरु पेश हुनुपर्ने रु.	९५०११९९

गौ भौ नं । मिति	प्रयोजन	भुक्तानी पाउने	भुक्तानी	नपुग प्रमाण कागजात
३८८।०७७।३।३१	गा पा सभाहल निर्माण ठेक्काको चौथो तथा अन्तिम बिल भुक्तानी	मेरिना कन्ष्ट्रक्सन कं प्रा ली	२०९१०६३	ल इ, ठेक्का व्यवस्थापन फाइल, सम्झौता र म्यादथप भएको भए सो फाइल
२२६।०७७।३।४	ब्रिहत खानेपानी योजना वडा नं ८ र ९ को तेश्रो रनिगं बिल भुक्तानी	शिवशक्ती इन्फ्रा डेभलपर्स प्रा ली	६५९९१३६	नापी किताव
२२८।०७७।३।४	गा पा भवनको डिपीआर अध्ययन भुक्तानी	सिस्टमेटिक इन्जीनियरिगं एशोसि एट्स कन्सल्टेन्सी प्रा ली	८११०००	प्रतिवेदन दाखिला
		जम्मा	९५०११९९	

उपभोक्ता समितिबाट गराएको कामः कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये अधिकाशं खर्च उपभोक्ता मार्फत कार्य गराइ भुक्तानी खर्च जनाएको छ । जसमध्ये २४७ वटा उपभोक्ता समितिहरुबाट रु.१८१८१३२६६ को कार्य गराएकोमा रु. २८९६४४३५ को कार्य जनसहभागिताबाट गराइ बाकी रु.१५२८४८८३१ गाँउपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ । जसको परीक्षणबाट निम्नानुसार देखियो ।

३७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र मनहरी गाउपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ज) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा देहाय बमोजिमको अवस्था देखिन आयो । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

३८. **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकाशंमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी विनियोजित बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । तर कतिपय योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन र सिफारिस भएको प्रमाण देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिन आएन ।	
३९.	**कामको नाँपजाच र हस्तान्तरण** : उपभोक्ता समितिबाट गरिएका कतिपय कार्यहरुमा स्वीकृत लागत अनुमानसन्ना बराबर नै हुनेगरी नापी किताव, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनमा कामको परिमाण राख्ने गरेबाट कामको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले यस प्रकार संचालन भएका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन ।	
४०.	**जनश्रमदान र लागत सहभागिता:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७९४० मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । गाउपालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरुमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट गराउने गरेको जनाएको छ ।स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्नु पर्ने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने र अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने प्रावधानको पुर्ण पालना गर्दै उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागीताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नु पर्दछ ।	
४१.	**सार्वजनिक परिक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। सडक ढलान गर्ने, भवन निर्माण, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास लगायतका कार्य उपभव्क्ताले गर्ने गरेको छ। यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको भएपनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि केही बाहेक अधिकांश उपभोक्ता समितिको सार्वजनिक सुनुवाइमा सरोकारवालाहरुको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।	
४२.	त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।	
४३.	**अनुगमन समिति :** उपमहानगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन । एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गरेको धेरै	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	योजनाहरुको लिष्टलाइ एकमुष्ट रुपमा हस्ताक्षर गरी पेश गरेको फारमलाइ अनुगमन प्रतिवेदन मानीएको छ। सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ।	
४४.	**हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९९० मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाईबाट देखियो । उपमहानगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन स् नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरण प्रयोग भएको योजना खर्च
३२६/२०७७/०३/२४	टासी फन्छोक छोईलिङ्ग गुम्बा निर्माण उ स	गुम्बा निर्माण	१९०८१५०	जे सी बी	२००००००
२९७/२०७७/०३/२०	मकरी झूल्यान खोला खहरे नियन्त्रण उ स	तटबन्धन	६१६०८९	जे सी बि	६५००००
२७९/२०७७/०३/१८	स्याउली बजार तटबन्धन उ स	तटबन्धन	४७४१०५	जे सी बि	५०००००
७१/२०७६/१०/२३	भोजसिद्द मा वि खहरे तटबन्धन उ स	तटबन्धन	४७५७६१	जे सी बि	५०००००
६७/२०७६/१०/२३	दमार तटबन्धन बस्ती बचाउ उ स	तटबन्धन	४७६१७४	जे सी बि	५०००००
५०/२०७६/१०/१४	गुम्बा खोल्सी तटबन्धन उ स	तटबन्धन	४७२१७४	जे सी बि	५०००००
४१/२०७६/१०/१४	मनहरी रुपाचुरी ग्रामिण सडक निर्माण उ स	सडक	१४३१३६३	जे सी बि	१५०००००
२४८/२०७७/०३/१३	कालापानि झोर नियन्त्रण उ स	तटबन्धन	४७८०९०	जे सी बि	५०००००
२५२/२०७७/०३/१३	च्यापल बस्ती बचाउ उ स	तटबन्धन	८४९११५	जे सी बि	९०००००
२५३/२०७७/०३/१३	दिपावली टोल देखि बर्राटाडी तटबन्धन उ स	तटबन्धन	१७०९५४१	जे सी बि	१८०००००
२४६/२०७७/०३/१३	लामिटार बस्ती बचाउ तटबन्धन उ स	तटबन्धन	४७५८०१	जे सी बि	५०००००
२३९/२०७७/०३/१३	मनहरी तटबनधन निर्माण उ स	तटबन्धन	२३६९२२६२	जे सी बि	२४२५५४२
२३३/२०७७/०३/१२	ज्यामिरे लोप्चन टोल तटबनधन निर्माण उ स	तटबन्धन	३८१२७४	जे सी बि	५०००००
३स्वा/२०७७/०२/३१	कल्लेखोला बाध निर्माण उ स	तटबन्धन	३८१६७२	जे सी बि	४०००००
२०१/२०७७/०२/३२	फरीम खोल्सी दायाबाया तटबनधन निर्माण उ स	तटबन्धन	८५२९८६	जे सी बि	९०००००
	जम्मा	१५	३४६७४५५४		१४०७५५४२

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४५.	**जटिलसंरचना निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउपालिकाले आर.सि.सी.	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक कालो पत्रे गर्ने, सडक ढलान गर्ने टंकी निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	

उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
टासी फन्छोक छोईलिङ्ग गुम्बा निर्माण उ स	बौद्ध गुम्बा निर्माण	१९०८१४९.९३
देउकोट भ्युटावर निर्माण उ स	भ्युटावर निर्माण	११४२२०९१.९६
घट्टेपाखा खानेपानि उ स	खानेपानी निर्माण	३७९९९८.२८
भुन्द्रुङ गैरीचोक खानेपानि उ स	ईनार तथा खानेपानी निर्माण	१५७२१३.०३
कमलचोक खानेपानी योजना	ईनार तथा खानेपानी निर्माण	१५७२१०.३०
डोठे सुकौरा डिप बोरिङ खानेपानी उ स	पाईप लाईन विस्तार तथा खानेपानी निर्माण	३४०४४९.२५
लोथर लिफ्ट खानेपानी निर्माण उ स	पाईप लाईन विस्तार , खानेपानी निर्माण तथा भल्भ च्याम्बर निर्माण	५८६३५०.९०
ट्वाङग्रा तटबन्धन उ स	तटबन्धन	१३३४०९८.९५
पेमालिङ्ग गुम्बा निर्माण उ स	गुम्बा निर्माण	१४२८६२५.२२
झुल्यान अधुरो खानेपानी उ स	खानेपानी निर्माण	२८५४०१.१४
मनहरी तटबन्धन निर्माण उ स	तटबन्धन	२३६९२६२.२९
दमार तटबन्धन बस्तीबचाउ उ स	तटबन्धन	४७६१७३.५३
डिर्पाट मनहरी खोला सिचाई निर्माण उ स	सिंचाई कुलो निर्माण	४७३४६८.७१
लोथर फरिवाङ पाङथली ग्रामिण सडक निर्माण उ स	नया ट्र्याक खेल्ने	२३७९८६.७१
	जम्मा	२१६९०२९२.८५

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४६.	३८२।०७७।३।३१ बाट देवकोटा भ्युटावर निर्माण उपभोक्ता समितिलाइ रु१२ लाख भुक्तानी गरेको छ । जनसहभागिताबाट रु.२७०९२५ र कार्यालयबाट ब्यहार्ने गरी रु.१९ लाख ४० हजार समेत जम्मा रु. २२१०९२५ को निर्माण सम्झौता मिति २०७७। २। २६ मा गरी सम्झौता अवधी २०७७।३।१५ सम्म तोकिएकोमा उक्त अवधीमा रु.१२१०३२५ को मात्र कार्य गरी लेखापरीक्षण अवधी २०७७।१२।२०सम्म सम्पन्न नभइ अधुरो रहन गएको देखियो । त्यसैगरी भ्युटावर जस्तो जटिल प्रक्रितिको कार्य उपभोक्ता समिति मार्फत गराउने कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुरुप भएको भन्न मिल्ने देखिदैन	
	गा पा पूँजीगततर्फः	
४७.	**कन्टिन्जेन्सीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम) ७ (सँग सम्बन्धित अनुसूची)१ (अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले लागत अनुमान तयार गर्दा सबै योजनाहरुमा मर्मत कन्टिन्जेन्सी ३ प्रतिशत कट्टी गरी उपभोक्तालाई भुक्तानी दिने गरेको देखिएको छ । गाउँपालिकाले यस बर्ष बिभिन्न योजनाको रु.५३३८३९६। कन्टिन्जेन्सी कट्टी गरेको छ । यसरी कट्टी गरेको कन्टिन्जेन्सी खर्च गर्दा कार्यालयले व्यवस्थित अभिलेख नराखी एकमुष्ट खर्च गर्ने गरेको देखियो । तसर्थ कटिन्जेन्सीको व्यवस्थित अभिलेख राखि खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४८.</td><td>अनुपातिक कट्टीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।जस अनुसार कार्यालयले उपभोक्ता समितिसंग गाउँसभाहलमा कम्पाउण्डवाल गेट तथा जाली बार समेतको निर्माण कार्य गर्नका लागि मिति २०७६।१०।२ मा सम्झौता गर्दा उक्त कार्यको कुल लागतको १५.६१ प्रतिशत कार्य उपभोक्ता समितिबाट व्यहोर्ने गरी सम्झौता गरी कार्य गरेकोमा उक्त कार्यसम्पन्न पश्चातको भुक्तानीमा उक्त योगदान कट्टी नगरी पुरै रकम भुक्तानी गरेको देखिएकोले काम भएको रु.१४१९०००।रकमको अनुपातिक कट्टी गर्दा हुने रकम रु.२२१५०५। असूल हुनुपर्ने रु.</td><td>२२१५०५</td></tr>
<tr><td>४९.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले पूँजीगत तर्फ भौ नं ३९७ मिति २०७७।३।३१ बाट तामाङ कन्स्ट्रक्सन हेटौंडाले खानेपानी योजना सम्बन्धि रु. २८८०६१।८४ रकमको कार्य गरेको देखिएकोमा रु.३०२२९८। भुक्तानी दिएको देखिएकोले उक्त बढी भुक्तानी रकम रु.१४२३६।असूल हुनु पर्ने रु.</td><td>१४२३६</td></tr>
<tr><td>५०.</td><td>रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले उपभोक्ता समिति मार्फत रितपूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यवसायीबाट मु.अ.कर रु.१९४०३३। समेत रु.१६८६५११। सामाग्री तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>५०।२०७६।१०।१४</td><td>अपि हाइड्रो मेकानिकल लिमिटेड</td><td>६०२४२१६०३</td><td>बीजक नं केरमेट</td><td>२००८८४</td><td>२३११०</td></tr>
<tr><td>२९७।२०७७।३।१८</td><td>त्रिबेणी कंक्रीट प्रोडक्सन प्रा लि</td><td>३०००१०११८</td><td>बीजक नं केरमेट</td><td>९००००</td><td>१०३५३</td></tr>
<tr><td>३५९।२०७७।३।२८</td><td>एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा लि</td><td>६०६६३६९६६</td><td>बीजक नं केरमेट</td><td>१०००००</td><td>११५०४</td></tr>
<tr><td>३८४।२०७७।३।३१</td><td>श्री आर बि आइ ईँटा सप्लायर्स</td><td>६०८०२५७९१</td><td>बीजक नं हातले लेखेको</td><td>४७४६०</td><td>५४६०</td></tr>
<tr><td>३३४।२०७७।३।२५</td><td>प्रेरक कन्स्ट्रक्सन एण्ड प्रिफेक होम प्रा लि</td><td>६०११६५५६०</td><td>बीजक नं केरमेट</td><td>१२४८१६७</td><td>१४३६०६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६८६५११</td><td>१९४०३३</td></tr>
</table></td><td>१९४०३३</td></tr>
<tr><td>५१.</td><td>समाग्री खरिद भन्दा फरक मूल्यांकनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ बमोजिम उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको सार्वजनिक लेखापरिक्षण गराउनु पर्ने व्यवस्था रहेको छ।तथा सोही नियमको उपनियम ११ ले उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित निकायले खटाएको प्राबिधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागीताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र त्यसरी प्राप्त भएको विवरणको अभिलेख सम्बन्धित निकायले राख्नुपर्ने व्यबस्था रहेको छ।कार्यालयले देहायको भौ नं र मितिबाट उपभोक्ता समितिलाई निम्नअनुसार रकम भुक्तानी गरेकोमा उक्त सामान खरिदको बील पेश नभएको रु..</td><td>३३०८८७</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ नं मिति</th><th>उपभोक्ता समिति</th><th>बिबरण</th><th>भुक्तानी परिमाण</th><th>खरिद भएको</th><th>फरक परिमाण</th><th>प्रति इकाई दर</th><th>भुक्तानी रकम मू अ कर समेत</th></tr>
</table></td><td></td></tr>
</table>

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२१७।२०७७।२।३२	चन्द्र बहादुरको घरमुनी ऋषेश्वरी मन्दिर उ स	६०० एम एम को ह्यूम पाइप	१५ र मी	१२.५ र मी	२.५ र मी	८१०७.५२	२०२६८
२२०।२०७७।२।३२	ट्वाङग्रा तटबन्धन उपभोक्ता समिति वडा नं ५	३x१x.५ को ग्याबिन जाली	७३ बक्स	८५ बक्स	१२	४४४१.२७	५३२९५
		३x१x.३ को ग्याबिन जाली	६५	८५	२०	६००९.३६	१२०१८७
२३८।२०७७।३।१३	खानेपानी ट्यांङ्की जाने बाटो निर्माण उ स	६०० एम एम को ह्यूम पाइप	१२.५	००	१२.५	८१०७.५२	१०१३४४
२५२।०७७।३।१३	चुरे कटान निउन्त्रण उ स	३x१x.५ को ग्याबिन जाली	९०	८६	४	४४४१.२७	१७७६५
		३x१x.५ को ग्याबिन जाली	९०	८७	३	६००९.३६	१८०२८
						जम्मा	३३०८८७

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५२.	**मेशिनको बीलः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६)३ (अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्न योजना निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा उपभोक्ताले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनमा निम्नानुसारको मेशिनको कम बील पेश गरेकोले उक्त रकम असुल हुनु पर्ने रु...	३२८६०७

भौ नं मिति	योजना र उपभोक्ता	भुक्तानी लिएको रकम	बिल पेश भएको	बिल पेश नभएको	भुक्तानी
४८।२०७६।१०।१४	झुल्यान खेल मैदान उ स वड नं २	५९९४२०	४५९७००	१३९७२०	लक्ष्मी सेभेन इन्न कर्पोरेट प्रा लि
२९३।२०७७।३।२०	दीपावली टोल देखि चरीटोल बाटो स्तरीकरण उ स	४०१७००	३८८८५०	१२८५०	सम्राट इन्जिनियरीङ निर्माण सेवा
३९२।२०७७।३।३१	वडा कार्यालय संरक्षण निर्माण उ स नं वड नं ५	२३२५३७	५६५००	१७६०३७	आफ्नै निर्माण सेवा मनहरी
			जम्मा	३२८६०७	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५३.	**सामानको प्रयोगः** कार्यालयले भौ नं ३३७ मिति २०७७।३।२६ बाट मेशीनरी तथा औजार खर्च शीर्षकमा एस एस ओम इन्टरप्राइजेज प्रा लि काठमाण्डौलाइ होजियारी मेशिन १ थान खरिद वापत रु४७००००।तथा टाइम्स अटो कम्पनी प्रा लि हेटौंडलाइ होजियारी हाते नेटिङ मेशिन खरिद वापत रु१४००००। रकम समेत रु ६१००००। रकम भुक्तानी गरेको दखिएकोमा उक्त सामाग्रीहरु हालसम्म प्रयोगमा आएको देखिएन।यसरी समान खरिद मात्र गर्ने र प्रयोगमा नआउने हो भने उक्त सामानको आयु घट्दै जाने र खिया लागी पुन प्रयोजनका गर्न नमिल्ले अबस्था देखिएकोले प्रयोग तथा आबश्यकता नपरी भण्डारणका लागि मात्र सामाग्री गरेको उचित देखिएन ।	
५४.	**दर विश्लेषण भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नम्र्स बमोजीम र नम्र्स नभएको अवस्थामा आवश्यक नम्र्स तयार गरि नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत गराई स्विकृत नम्र्स बमोजीम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाले आ व २०७६।७७ का लागि तयार गरेको नम्स बमोजिमको दर विश्लेषण अनुसार लुज ग्राभेलिङ कार्यका लागि प्रति घमी रु ६०० दर निर्धारण गरेको देखिएकोमा प्रतापपुर ६ मिटर बाटो निर्माण उपभोक्ता समितिलाइ बाटो निर्माणका लागि सम्झौता गरी कार्य गराएको छ।उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन अनुसार लुज ग्राभेलिङ कार्य १२६५।७१ घमी गरको र उक्त कार्यको भुक्तानी दिंदा दर विश्लेषण रकममा रु.१०० थप गरी प्रति घमी रु ७०० का दरले भुक्तानी गरेको देखिएकोले दर बिष्लेषण भन्दा बढीका दरले भुक्तानी गरेको १२६५।७१ घमी को रु.१२६५७१। असूल हुनु पर्ने रु.	१२६५७१
	संघीय सरकार हस्तान्तरीत पूँजीगत	
५५.	**सक्कल बीलः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले भौ नं	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	११ मिति २०७७।३।३० बाट साना सिंचाइ कार्यक्रम अन्तर्गत सिंचाइ सम्बन्धि सामाग्री खरिद गरी मुक्तीनाथ ईलेक्ट्रीक हेटौंडालाइ ४ प्रकारका सामान खरिद वापत रु.१३२७७५।भुक्तानी गर्दा मू अ कर रु.१५२७५।समेत भुक्तानी गरेकमा फोटोकपी बिजक राखेर भुक्तानी दिएको देखिएकोले उक्त खर्चको सक्कल बील पेश हुनु पर्ने साथै उक्त बीलमा भुक्तानी भएको मू अ करको कर समायोजन भएको प्रमाण पनि पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रु.	१३२७७५
	ब उ शी नं ३३७०००१४४ प्रदेश पूर्वाधार बिकास कार्यक्रम पूँजीगत	
५६.	**समाग्री खरिद भन्दा फरक मूल्यांकनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ बमोजिम उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको सार्वजनिक लेखापरिक्षण गराउनु पर्ने तथा सोही नियमको उपनियम ११ ले उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित निकायले खटाएको प्राबिधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र त्यसरी प्राप्त भएको विवरणको अभिलेख सम्बन्धित निकायले राख्नुपर्ने व्यबस्था रहेको छ।कार्यालयले भौ नं १ मिति २०७७।१।२६ बाट वण्डेश्वर महादेव मन्दिर पूर्वाधार निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार रु.९६६२२५।रकम भुक्तानी गरेको देखिएको छ।उक्त मन्दिर निर्माण कार्यको नापी किताब तथा कार्यसम्पन्न प्रतिबेदन अनुसार आइटम नं ६ को फलामे डण्डीको काम ४१९०।७८ के जी प्रयोग भएको देखाइ मूल्यांकन भए बमोजिमको प्रति के जी रु ११०।०७ का दरले भुक्तानी गरेको छ।सो कार्यको उपभोक्ता समितले कार्यालयमा पेश गरेको खर्चका बीलहरु परीक्षण गर्दा बिभिन्न साइजको फलामे डण्डी २२९०।के जी मात्र खरिद गरको देखिएको छ ।तसर्थ उक्त कार्यको लागि आवश्यक परिमाण भन्दा कम मात्रामा खरिद भएको अबस्थामा कसरी उक्त कार्य सम्पन्न भयो सो को पुष्टी पेश हुनु पर्ने साथै खरिद भन्दा बढी भुक्तानी भएको १९०० केजी फलामे डण्डीको प्रति केजी रु.११०।०७ का दरले रु.२०३४३३।रकमको उक्त अबधिको मू अ कर बीजक पेश हुनु पर्ने अन्यथा उक्त रकम असूल हुनुपर्ने रु.	२०३४३३
५७.	**पाइप बिच्छ्याउने काम भन्दा खन्ने पुर्ने काम बढीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले भौ नं ३ मिति २०७७।२।८ बाट सुबेदीटोल खानेपानी निर्माण उपभोक्ता समिति वडा नं ९ लाइ खानेपानी संरचनाका बिभिन्न कार्यहरु गरेवापत रु.९९१०००।भुक्तानी गरेकोमा सो को फाइल परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् ।	
५७.१.	उक्त उपभोक्ताले दाजुभाइ ट्रेडर्स हेटौंडाबाट बिभिन्न ५ साईजका १४९० रनीङ मिटर पाइपहरु खरिद गरी उक्त ट्रेडर्सलाई रु.७७४०२५।भुक्तानी गरेको छ । यसरी खरिद गरेको पाइप मध्ये २० एम एम को पी एन १६ को १५०० रनीङ मीटर पाइप प्रति रनीङ मीटर रु.३४.४३ का दरले रु.५८३४९।रकममा खरिद गरी भुक्तानी लिएकोमा उक्त साइजको पाइप लेइङ तथा ज्वाईनिङ भएको नदेखिएकोले लेइङ तथा ज्वाईनिङ भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असूल हुनु पर्ने रु.	५८३४९
५७.२.	नापी किताब तथा कार्यसम्पन्न अनुसार बिभिन्न ५ साइजको १४९० रनीङ मीटर पाइप मात्र लेइङ तथा ज्वाईनिङ भएको अबस्थामा पाइपलाइन खन्ने कार्य १८१० रनीङ मीटर (अर्थात लम्वाइ १८१० चौडाइ ०.६० तथा उचाइ ०.९० ले हुने ९७७.४ घ मी) गरेको देखाइ भुक्तानी लिएको देखिएकोले पाइप लेइङ तथा ज्वाईनिङ भन्दा बढी भएको ३२० र मी (अर्थात लम्वाइ ३२० चौडाइ ०.६० तथा उचाइ ०.९० ले हुने १७२.८ घ मी) को प्रति घ मी रु.३३४.७५ का दरले हुन आउने रु.५७८४४।नापी तथा कार्यसम्पन्न अनुसार नभएको कामको बढी भुक्तानी भएकोले उक्त रकम असूल हुनु पर्ने रु.	५७८४४
५८.	**कन्टिजेन्सीः** कार्यालयले प्रदेश पूर्वाधार बिकास कार्यक्रम पूँजीगततर्फका योजनामा कट्टी गरेको कन्टिजेन्सी रु ७४३२५।गाउँपालिकाको बिबिध खर्च खातामा दाखिला गरेको देखिएकोले प्रदेश आर्थिक कार्यबिधि ऐन तथा नियमाबली बमोजिम उक्त रकम प्रदेश संतिचकोषमा फिर्ता हुनु पर्ने रु.	७४३२५

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५९.	**भाडा कर दाखिलाः** गाउँपालिकाले निम्नानुसारका निर्माण कार्यको भुक्तानी गर्दा कट्टी गरेको बहाल कर गाउँपालिकाको आन्तरिक खातामा दाखिला गरेको देखिएकोले संघीय संचितकोषमा फिर्ता हुनु पर्ने रु.	८२८०

क सं	भुक्तानी भएको योजना	ढुवानी बहाल कर
१	वण्डेश्वर महादेव मन्दिर पूर्वाधार निर्माण	१९८०
२	सुबेदीटोल खानेपानी निर्माण	४५००
३	पेमा बौद्ध बिहार गुम्बा पूर्वाधार निर्माण	१८००
	जम्मा	८२८०

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	स्थानीय पूर्वाधार बिकास साझेदारी संघ तर्फ	
६०.	**खरिद भन्दा बढी भुक्तानीः** कार्यालयले भौ नं ४ मिति २०७७।३।२५ बाट उद्योग बाणिज्य संघ पश्चिम क्षेत्र सभाहल भवन निर्माण योजनाका लागि सम्झौता अनुसार निर्माण कार्यका अतिरिक्त बिभिन्न फर्निचरहरु समेत खरिद गरेको रकम रु.१९८२०००। भुक्तानी भएकोमा अफिसियल चियर प्रति थान रु.१३५६०।का दरले २ थानको रु.२७१२० खर्च लेखेकोमा उक्त सामान खरिद गरेको बील पेश नभएकोले उक्त रकम असूल हुनु पर्ने रु.	२७१२०
	गा पा कृषि पूँजीगत तर्फः	
६१.	**बील भन्दा बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले भौ नं ३ मिति २०७७।३।३१ बाट ७५ प्रतिशत अनुदानमा कृषि औजार सप्लाइ कार्य गरेवापत श्रेष्ठ एग्री इन्पुट्स प्रा लि सतुङल लाइ रु.८४७२५१। भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न छन्।	
६१.१.	उक्त प्रा लि को एकै दिन जारी गरेको बिभन्न ६ वटा बिजकबाट ७५ प्रतिशत अनुदानमा कृषि सामाग्री खरिद गरी गाउँपालिकाबाट रु.५८५०००।रकम भुक्तानी गर्नु पर्नेमा रु.८४७२५१।भुक्तानी गरेको देखिएकोले बील भन्दा बढी भुक्तानी भएको रु.२७२२५०। असूल हुनु पर्ने रु.	२७२२५०
६१.२.	यसरी खरिद भएका सामाग्रीहरु गाउँपालिकाको जिन्सी किताबमा दाखिला भएको छैन साथै उक्त सामाग्रीहरु कृषकलाइ पनि बितरण गरेको नदेखिएकोले उक्त समान सोही परिमाणमा खरिद भएको हो भन्ने आधार प्रमाण नभएको साथै लक्षित बर्गलाइ बितरण गरी अनुगमन गरेको प्रमाण पेश हुनु पर्ने रु	५८५०००

बिबरण	थान	बीजक नं तथा जारी मिति	प्रति ईकाइ दर	भुक्तानी रकम ७५ प्रतिशत
Rotary Tiller 6 ft	१	९२.२०७७.३.२४	१६००००	१२००००
Rotary Tiller 6 ft	१	९१.२०७७.३.२४	१६००००	१२००००
Rotary Tiller 6 ft	१	९०.२०७७.३.२४	१६००००	१२००००
9 h p Diesal minitiller	१	८७.२०७७.३.२४	१०००००	७५०००
9 h p Diesal minitiller	१	८९.२०७७.३.२४	१०००००	७५०००
Minitiller	१	९३.२०७७.३.२४	१०००००	७५०००
			जम्मा	७८००००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बिषेश अनुदानतर्फः	
६२.	अर्थ मन्त्रालय अन्तर सरकारी बित्त व्यबस्थापन महाशाखाबाट मिति २०७६।८।२९ मा जारी भएको समपुरक/ बिषेश अनुदान रकम खर्च गर्ने मार्गदर्शनको बुँदा नं २ मा बिषेश अनुदान वापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सचालन हुने आयोजना तथा कार्यक्रममा खर्च गर्न पाइने छैन भन्ने व्यहोरा उलेल्ख भएकोमा यस स्थानीय तहले खानेपानी संरचना निर्माण कार्यका लागि रुपाचुरी फरीवाङ खानेपानी उपभोक्ता समिति मनहरी वडा नं ६ संग खानेपानीका बिभिन्न संरचनाहरु निर्माणका लागि मिति २०७६/१२/२४ मा सम्झौता गरी रु.३७२८४८६ भुक्तानी गरेको नियमसंम्मत नदेखिएको रु.	३७२८४८६
	शसर्त तर्फ	
६३.	**पेश्की फछ्यौट नभएकोः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ देखि ८४ सम्म पेश्की लिने र फछ्यौट सम्बन्धी व्यबस्था छ । सो बमोजिम सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्ने र नियमाबली बमोजिम दिइएको पेश्की यस नियमावलीमा तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ। साथै कार्यालयमा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछि एक्काईस दिनभित्र कार्यालयले फछ्र्यौट गरिसक्नु पर्ने र सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई लिइनेछ भन्ने व्यबस्था रहेको छ।गाउँपालिकाले भ्याक्सिनेटरको आर्थिक बर्ष २०७६।७७ पारश्रमिक भुक्तानीका लागि पशु शाखा प्रमुख वरुण कुमार ठाकुरलाई मिति २०७७।३।३० मा दिएको पेश्की रु. ८८०००/– लेखापरीक्षणको अबधि २०७७।१२।१८ सम्ममा पनि फछ्यौट गरेको नदेखिएकोले नियमाबलीमा भएको व्यबस्था अनुसारको प्रकृया पुरा गरी असूल फछ्र्यौट हुनु पर्ने रु.	८८०००
६४.	**निकासा अभिलेख खाताः** गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ	
६५.	**तलबी प्रतिबेदनः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ को खण्ड १ मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्वन्धी जानकारीमा आधारभुत तथा माध्यमिक शिक्षकका लागि तलब भुक्तानी व्यवस्था सम्वन्धमा उल्लेख छ। स्रोत व्यक्तिको सिफारीस अनुसार स्थानीय तहले सम्वन्धीत विद्यालयको बैक खातामा मासिक रुपमा तलब भत्ता रकम निकासा दिनुपर्ने, स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्वन्धी यकिन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार विद्यालय शिक्षक किताबखानाबाट फारम रुजु गरी निकासा दिनुपर्ने, शिक्षकको तलबी प्रतिवेदन विद्यालय शिक्षक किताबखानाबाट पारित गरी तलबी प्रतिवेदनका आधारमा निकासा दिनुपर्ने उल्लेख भएकोमा यस स्थानीय तह अन्तर्गत ३२ वटा विद्यालयका शिक्षकको तलवी प्रतिवेदन पारीत नगरी रु.९५७२००६५। तलब खर्च निकासा दिएको छ ।जसले गर्दा शिक्षकहरुले पाउने तलब र ग्रेड रकम यकिन गर्न सकिएन ।	
६६.	**निशुल्क सेनिटरी प्याड बितरणः** गाउँपालिकालाई यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यबस्थापनका लागि रु २१९६०००।बजेट प्राप्त भएकोमा रु. १९५०४७५।५। खर्च भएको छ । सो मध्ये रु.९६००००/- रकमको शिलबन्दी दरभाउपत्रको माध्यमबाट २७४५० थान स्यानेटरी प्याड Softy Hygiene Pvt.Ltd Ktm बाट मिति २०७७।३।२९ मा खरिद गरेको छ भने रु.९९००००। रकमको १६५०० थान इजिडिल इन्टरनेशनल प्रा लि बानेश्वरबाट २०७७।३।३१ मा सोझै खरिद गरेको समेत ४३९५० थान खरिद गरेको देखिएको छ।यसरी खरिद गरेको स्यानेटरी प्याड मध्ये लेखापरीक्षण अबधि २०७७।१२।२० सम्ममा १४ वटा बिद्यालयमा ३०१६८ प्याकेट बितरण गरी १३७८२ प्याकेट बितरण बाँकी रहेको देखाएको छ।बिद्यालयका स्यानेटरी प्याड प्रयोग गर्ने बिद्यार्थीको संख्या यकिन गरी मागको आधारमा मात्र खरिद गर्नु पर्नेमा सो बिचार नगरी आवश्यकता भन्दा बढी संख्या हुने खरिद गरी भण्डारण गरी राखेको उचित देखिएन।सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरीप्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरी प्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था भएकोमा यस स्थानीय तहले र अन्तर्गतका बिद्यालयले सो कार्यबिधि बमोजिम अभिलेख राखेको देखिएन ।अतः कार्यबिधि अनुसारको अभिलेख राखेर मात्र खर्च लेख्नु पर्ने देखिन्छ ।	
६७.	**तलबी प्रतिवेदनः** स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । स्वास्थ्य सेवा अन्तर्गत आयूर्वेद, जनस्वास्थ्य कार्यालय,	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	र अस्पताल तर्फ कार्यरत विभिन्न पदका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी उपमहानगरपालिकाले तलव खर्च लेखेको पाइयो। जसले गर्दा कुन कुन कर्मचारीले के कति ग्रेड सुविधा पाउने हो यकिन गर्न सकिएन । अतः तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।	
६८.	**पारिश्रमिक कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८ को उपदफा २ क अनुसार ज्याला,तलब,अतिरिक्त समय काम गरेबापतको रकम तथा अन्य सुविधा बापतको भुक्तानी आदिलाई रोजगारीबाट भएको आय गणनामा समावेश गरिने व्यवस्था रहेको छ ।त्यस्तै गरि उक्त ऐनको दफा ३ क मा कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्तिलाई यस ऐन बमोजिम कर लगाइने व्यवस्था रहेको छ प्राकृतिक व्यक्तिका लागि आर्थिक वर्ष २०७६।७७ को आयकर दर अनुसार कर लाग्ने प्रावधान रहेको छ । कार्यालयले प्राथमिक स्वास्थ्य केन्द्र मनहरीमा कार्यरत निम्नानुसारका कर्मचारीहरुको बार्षिक आय गणना गरी कर कट्टी गरेको नदेखिएकोले निम्नानुसारको कर असूल हुनुपर्ने देखिएको रु.	१०७१०३

कर्मचारीको नाम	बार्षिक आय	छुट पाउने कर सिलिङ	अन्य छुट	कर योग्य आय	कर कट्टी हुनु पर्ने	कर कट्टी गरेको	नपुग कर
डा शरद प्रसाद दाहाल	६१९१८३	४०००००	००	२१९१८३	३७८३६	१८६९९	१९१३७
डा दिपेन्द्र पौडेल	८४२९६३	४०००००	१५६००	२८६९६३	५१३९२	२७६१९	२३७७३
सि अ हे ब छैंटौ शिबराम बानिया	७५८१५९	४५००००	६४३०८	२४३८५१	४३२७०	२३४०७	१९८६३
ल्या टे छैंटौ सुरेश राय	८४८५९४	४५००००	५९९८८	३३८६०६	६६०८२	२१७५२	४४३३०
						जम्मा	१०७१०३

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६९.	**बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले शसर्त तर्फ भौ नं १०२ मिति २०७७।३।२५ बाट नियमित खोप कार्यक्रम तर्फ खोप ढुवानीका लागि खर्च लेख्दा बिल भरपाइ भन्दा रु.२२००। बढी भुक्तानी दिएको देखिएकोले उक्त रकम असूल हुनु पर्ने रु.	२२००
७०.	**बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र (७) अनुसार लेखा राख्दा विल भरपाई सहित लेखा राख्नुपर्ने र भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले शसर्त तर्फ भौ नं २६ मिति २०७६।१०।१ बाट प्राथमिक स्वास्थ्य केनद्र मनहरीलाइ प्रथम चौमासिकको निशुल्क प्रशुती सेवा वापतको नम्स अनुसारको स्वास्थ्य संस्थालाइ जाने संस्थागत अनुदान भुक्तानी गर्दा प्रशुती भएको संख्या भन्दा १० वटा बढी संख्याको साधाण प्रशुती प्रति केश रु.१०००। का दरले रु.१००००। बढी भुक्तानी दिएको देखिएकोले बढी खर्च लेखेको रकम असूल गरी संघीय संचितकोमा दाखिला हुनु पर्ने रु.	१००००
७१.	**प्रमाण बेगरको खर्चः** निम्नुसारका स्वास्थ्य संस्थालाइ मेडिकल एबोर्सन कार्य गरेवापत निम्न रकम भुक्तानी गरेकोमा उक्त स्वास्थ्य संस्थाको रजिष्टर परिक्षण गर्दा भुक्तानी लिएको रकमभन्दा निम्नानुसारको महिनाको कम एबोर्सन कार्य गरेको रेकर्ड पेश भएकोले उक्त रकम असूल हुनु पर्ने रु.	१४४००

स्वास्थ्य संस्था	भुक्तानी महिना	केश संख्या	दर	रकम
प्राथमिक स्वास्थ्य केन्द्र मनहरी	२०७६ श्रावण	९	८००	७२००
हाडिखोला स्वास्थ्य चौकी	२०७६ कार्तिक	९	८००	७२००
			जम्मा	१४४००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७२.	**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम रोजगार दाताबाट अन्तिम रुपमा हुने भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका भुक्तानीमा पारिश्रमिक कर कट्टी गरेको देखिएन **क** ९३।२०७७।३।२५ परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम बापत रु ७ जनालाइ रु ८९२००। भुक्तानी गरेकोमा ऐनमा भएको व्यवस्था बमोजिमको पारिश्रमिक कर रु १३३८०।कट्टी गरी भुक्तानी हुनु पर्नेमा कर कट्टी गरेको नदेखिएकोले कर असूल गरी दाखिला हुनु पर्ने रु.	१३३८०

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ख ९६।२०७७।३।२५ क्षयरोग निवारण कार्यक्रम अन्तर्गत कोहर्ट बिश्लेषण कार्यक्रममा बैठकमा उपस्थित स्वास्थ्य कर्मी तथा प्रशिक्षकलाइ यातायात खर्च शीर्षकमा रु २८१५०। खर्च लेखेकोमा अन्तिम रुपमा हुने भुक्तानीमा कर कट्टी नगरी भुक्तानी दिएकोले कर रु.४२२२।असूल हुनु पर्ने रु.	४२२२
	ग ९७।२०७७।३।२५ रजिष्टर अध्याबधिक खर्च शीर्षकमा रु.१४७८०। खर्च लेखेकोमा अन्तिम रुपमा हुने भुक्तानीमा कर कट्टी नगरी भुक्तानी दिएकोले कर रु २२१७।असूल हुनु पर्ने रु.	२२१७
७३.	**दोहोरो भत्ता भुक्तानीः** कोरोना भाइरस (कोभिड -१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यबस्थापन आदेश,२०७७ को दफा ७ (घ) अनुसार कोभिड -१९ को परीक्षण गर्ने प्रयोगशालामा कार्यरत जनशक्तिमध्ये प्रत्यक्ष रुपमा परीक्षण तथा प्रमाणीकरणमा संलग्न जनशक्तिलाइ दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु स्केलको शत् प्रतिशत जोखिम भत्ता उपलब्ध गराइने व्यबस्था रहेको छ।गाउँपालिकाले भौ नं ९१ मिति २०७७।३।२५ बाट कार्यालय प्रमुखबाट स्वीकृत नभएको भ्रमण बील संलग्न राखी निम्नानुसारका कर्मचारीहरुलाई शसर्त चालु तर्फबाट देहायबमोजिमको भत्ता भुक्तानी गरेको देखिएको छ।भने शसर्त चालु तर्फ उक्त भत्ता भुक्तानी गर्नका लागि बजेट पनि व्यबस्था नभएको साथै निजहरुले प्रकोप व्यबस्थापन तर्फबाट उक्त कार्यको भुक्तानी लिइसकेको देखिएकोले दोहोरो परे नपरेको यकिन गरी उक्त रकम सम्बन्धितबाट असूल हुनु पर्ने रु.	३५६००

कर्मचारीको नाम	भुक्तानी रकम
ल्या टे नि सुरेश राय	१४४००
सि अ हे अ बज्योतीराज लुइटेल	८१००
सि अ हे अ रामचन्द्र दाहाल	२७००
सि अ हे ब शिबराम बानियाँ	१०४००
	३५६००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७४.	**बैठक भत्ताः** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा **७.१.१** मा बैठक भत्ता भुक्तानी दिंदा तोकिएको ६ वटा मापदण्ड पालना नगरी बैठकमा भत्ता दिन नमिल्ने व्यवस्था रहेको छ।कार्यालयले देहाय बमोजिम उक्त मापदण्ड पालना नहुने गरी एउटै निकायका पदाधिकारी मात्र संलग्न बैठकमा रु.४३३५०। भत्ता भुक्तानी दिएको देखियो।यसरी तोकिएको मापदण्डको पालना नगरी कार्यालयले एउटै निकायका पदाधिकारी मात्र संलग्न मूल्याङ्कन समिति गठन गरी बैठक भत्ता खर्च लेखेको पाइयो ।	

भौ.नं. / मिति	भुक्तानी विवरण	रकम
१११।२०७७।३।२७ १३२।२०७७।३।३१	प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारीश्रमिकमा आधारित समुदियक आयोजना फरफारक समितिको बैठक भत्ता १३ जनाको ५१ वटा बैठकको दरले प्रति बैठक रु १०००।मा कर कट्टी बाहेक	४३३५०

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७५.	**गत आर्थिक वर्षको रकम भुक्तानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७ अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न हुंदैन । तर विशेष कारण एवं परिस्थितिमा तलव भत्ता जस्ता खर्च शिर्षकहरुमा चालू वर्षको बजेटले नखाम्ने खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी म.नं.फा.प.ले.२२१ मा चढाई प्रमाणित गरी राख्नु पर्ने र सोहि वमोजिम चालु आर्थिक वर्षको वजेटबाट भुक्तानी दिन पुग्ने देखिएमा भुक्तानी दिन सक्ने उल्लेख छ।कार्यालयले यो वर्ष संघीय शसर्त चालु तर्फ देहायका भौ नं र मिति बाट निम्नानुसारको रकम रु भुक्तानी खर्च लेखेकोमा भुक्तानी दिन वाँकीको कच्चावारी प्रमाणित गरी राखेको नदेखिएकोले उक्त खर्च नियमसंगत नदेखिएको रु.	२९५८५०

भौ नं मिति	भुक्तानी शीर्षक बिबरण	खर्च लेखेको रकम
११।२०७६।८।४	मातृ तथा शिशु कार्यक्रम	२७६२००
१०८।३।२६	स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुको गत बर्षको रात्री भत्ता भुक्तानी	१९६५०
	जम्मा	२९५८५०

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७६.	**सीमेन खरिदको पे फः** कार्यालयले भौ नं ७३ मिति २०७७।३।२१ बाट पशु शाखा प्रमुख बरुण कुमार ठाकुरको नाममा रहेको पेश्की रु.६८३००। फछ्यौट गरेको श्रेष्ता परीक्षण गर्दा तरल नाईट्रोजन रु.३७५०	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	रकमको खरिद गरेको सिमेन रु.१५००० को ग्लोब ५५६० को तथा ढुवानी खर्च रु.४९२००। का साथै भ्रमण खर्च रु१०४०० खर्च गरेको देखिएकोले के कार्यको ढुवानी खर्च कुन दरमा भुक्तानी लिएको हो सो खुल्ने प्रमाण पेश नगरी रु.१५००० को सीमेन खरिदका लागि उक्त ४९२०० ढुवानी खर्च लेखेको देखिएकोले उक्त खर्च असूल हुनु पर्ने रु.	४९२००
७७.	**औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर यस स्थानीय तहले उक्त प्रक्रिया वेगर रु.१९१२१७१।रकमको औषधी सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः	
७७.१.	(तालिका तल)	

क सं	औषधिको प्रकार	यस बर्ष खरिद रकम	खरिद बिधि	कैफियत
१	एलोपेथिक औषधि	१०९०९९३	सोझै	शंघीय शसर्त तर्फ
२	सर्जिकल सामान	८२११७८	सोझै	शंघीय शसर्त तर्फ

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७७.२.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।	
७७.३.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
७७.४.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
७७.५.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको औषधिको मुल्य नखुलेको ।	
७७.६.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट रुपमा घटाउने गरेको देखियो ।	
७७.७.	औषधिको जिन्सी प्रतिवेदन तयार नगरेको ।	
७७.८.	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७८.	**औषधिको लोगोः** गाउँपालिकाले खरिद गरेका औषधिहरूमा" नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष निःशुल्क वितरण गर्नका लागि खरिद गरेका औषधिहरू लेखापरीक्षणको अबधि सम्ममा सम्पूर्ण बितरण भइ सकेको भनी बिबरण पेश गरेकोले उक्त औषधिहरुको भण्डार परीक्षण हुन सकेन ।	
	गाउँपालिका चालुतर्फ	
७९.	**तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा सो गरेको छैन । तसर्थ कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा व्यवस्थापन गरी आन्तरिक लेखापरीक्षण गराउने र कर्मचारीको तलवी प्रतिवेदन समेत पारित गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
८०.	**न्यायिक समिति बैठक भत्ता** -नेपालको संविधानको धारा २१७ मा प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने र न्यायिक समितमा गाउँ सभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने उल्लेख रहेको छ । बागमती प्रदेश अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ४ (क) मा अनुसूची १ (ग) मा उल्लेख भए बमोजिम न्यायिक समिति संयोजकले प्रति बैठक रु.१२०० र सदस्यले प्रति बैठक रु. १००० पाउने उल्लेख छ । कार्यालयको भौ.नं. ४०५./२०७७।०२।१५ बाट कानुनी सहजकर्ता रेखा	४१५००

दफा नं	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	सापकोटालाई न्यायिक समितिको ३१ वटा बैठकमा उपस्थित भए वापतको बैठक भत्ता रु.२५५०० र कार्यालयको भौ.नं. ५५७./२०७७।०३।२३ बाट १६ वटा बैठकमा उपस्थित भए वापतको बैठक भत्ता रु. १६००० भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु ..	
८१.	**बढि भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो।भौ।नं. २४३/२०७६।१०।१५ बाट वडा नं ८ को वडा समितिको बैठक भत्ता वापत रु ३६००० भुक्तानी गरिएको छ । तर देहायको बैठकमा अनुपस्थित निम्न व्यक्तिलाई पनि भुक्तानी भएको हुनाले कानुन विपरित बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु...	४०००

सि.नं।	विवरण	प्रति बैठक रु	बढी भुक्तानी रकम
१	राम प्रसाद ढकाल मिति २०७६।०७।०५ र ०९।१७ को बैठकमा अनुपस्थित	१०००	२०००
२	शिला अधिकारी मिति २०७६।०७।२० र ०९।०५ को बैठकमा अनुपस्थित	१०००	२०००
		जम्मा	४०००

दफा नं	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
८२.	**दोहोरो भ्रमण भत्ता बुझेकोः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयको देहायको भुक्तानीमा गाउँपालिका उपाध्यक्ष मनिला विष्टले सरकारी कोषबाट एकै मितिमा दोहोरो पर्नेगरी रु.६३७५ भ्रमण खर्च बुझेको देखिन्छ । एकै मितिको दोहोरो भुक्तानी भएको भ्रमण खर्च असुल हुनुपर्ने रु...	६३७५

गोभौनं./मिति	विवरण	दोहोरो भएको मिति	दोहोरो भत्ता
१३३/२०७६।०८।०४	महिलावादी सहभागीमूलक पद्धतीमा आधारित अनुसन्धान तालिममा सहभागी हुन हेटौडा सम्मको भ्रमण	२०७७।०५।०८ देखि २०७७।०५।१२ सम्म	६३७५
	महिलावादी सहभागीमूलक पद्धतीमा आधारित अनुसन्धान तालिममा सहभागी हुन रिम्स तालिम केन्द्र धादिङसम्मको भ्रमण	२०७७।०५।०८ देखि २०७७।०५।१२ सम्म	
		जम्मा	६३७५

दफा नं	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	भौ.नं. ७१।२०७६।०६।२७ बाट तिज विशेष महिला अधिकार सम्बन्धी सचेतना कार्यक्रममा टेण्ट एण्ड क्याटरिङ्ग सर्भिसवापत सिजन टेण्ट एण्ड क्याटरिङ्ग सर्भिसलाई रु.३३७५०० भुक्तानी रु.३३७५०० लेखिएकोमा निम्नानुसार देखियोः	
८३.	**बढी भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तिज विशेष कार्यक्रममा खाना, खाजा, पानी, कुर्सी, माइक, साउण्ड सिस्टम लगायत सेवा उपलब्ध गराए वापत सिजन टेण्ट एण्ड क्याटरिङ्ग सर्भिसले प्रति व्यक्ति रु ४२५ का दरले ७५० जनाको रु ३१८७५० को बिल पेश गरी भुक्तानी लिएको छ तर मिति २०७६।०५।१६ मा सम्पन्न तिज विशेष कार्यक्रममा ८९ जनाको मात्र उपस्थिति रहेको देखियो ।यसरी कार्यक्रममा उपस्थित व्यक्ति भन्दा बढी संख्यामा बिल पेश भएकाले बढी संख्या ६६१ जनाको प्रतिव्यक्ति रु ४२५ का दरले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु..	२८०९२५
८४.	**बढी भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो. भौ. नं. १०४/२०७६।०७।२५ बाट संविधान दिवस कार्यक्रममा भएको खर्च रकम रु २९२५५० भुक्तानी भएको छ । जस अन्तरगत विभिन्न व्यक्तिहरुलाई पुरस्कृत गरेवापत रु ११८००० खर्च लेखिएको छ तर पुरस्कार रकम बुझ्नेको भरपाईमा ३ जनाले रकम बुझेको प्रमाण पेश नभएकाले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.........	१६०००

सि.नं.	नाम थर	पुरस्कार रकम

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>१</td><td>सान्नानी मैनाली</td><td>३०००</td></tr>
<tr><td>२</td><td>देवकुमारी घले</td><td>३०००</td></tr>
<tr><td>३</td><td>रबिन खड्का</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८५.</td><td>प्रमाण पेश नभएकोः आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राखुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ३०/२०७६ ।०६।१३ बाट हेटौडा उपमहानगरपालिकाबाट IEE वापतको रु. २१५००० मा कर कट्टी गरी आर्किटेक्ट डिजाइन एण्ड कन्स्ट्रक्सन प्राालि लाई भुक्तानी गरिएको छ । सो सँग सम्बन्धित कागजात, प्रमाण पेश नभएकाले पेश हुनुपर्ने रु.</td><td>२१५०००</td></tr>
<tr><td>८६.</td><td>बढी भुक्तानीः अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१५ मा नेपाल सरकारका तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालन हुने कार्यक्रममा लाग्ने खर्चको अधिकतम नम्स उल्लेख छ । निर्देशिकाको बुँदा नं ७.१.१५ मा सहायक स्तरको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापत रु.७०० का दरले पारिश्रमिक पाउने उल्लेख छ । एक कार्यक्रममा एक जना संयोजकलाई प्रति दिन रु.३०० कार्यक्रमको प्रतिवेदन बुझाए पछि भत्ता दिन सकिने र प्रतिवेदकको पारिश्रमिक एक दिन भन्दा बढीको कार्यक्रम भए रु.१५०० दिन सकिने उल्लेख छ । कार्यक्रमको प्रस्तावना लेखन वापतको भत्ता प्राप्त गर्ने उल्लेख छैन । कार्यालयको देहायका भुक्तानी अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१५ को खर्चको मापदण्ड अनुरुप भएको नदेखिएको हुँद सो वापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.</td><td>४३४००</td></tr>
<tr><td></td><td><table>
<tr><th>गो.भौ.नं.:/ मिति</th><th>विवरण</th><th>प्रशिक्षक/ प्रतिवेदकको नाम</th><th>भुक्तानी लिएको</th><th>भुक्तानी पाउनुपर्ने</th><th>बढि भुक्तानी भएको</th></tr>
<tr><td>५३०/२०७७।३।२०</td><td>अनलाइन घटना दर्ता तालिम</td><td>प्रशिक्षक देवराज चौलागाई १ कक्षा</td><td>२५००</td><td>७००</td><td>१८००</td></tr>
<tr><td></td><td></td><td>प्रशिक्षक नविन मोक्तान१ कक्षा</td><td>२५००</td><td>७००</td><td>१८००</td></tr>
<tr><td></td><td></td><td>प्रशिक्षक राजिव बानिँया१ कक्षा</td><td>२५००</td><td>७००</td><td>१८००</td></tr>
<tr><td></td><td></td><td>प्रतिवेदक नविन मुक्तान</td><td>४०००</td><td>१५००</td><td>२५००</td></tr>
<tr><td>४१३/२०७७।२।२०</td><td>अपाङ्गता भएकाहरुका लागि क्षमता विकास तालिम</td><td>प्रशिक्षक दिल बहादुर स्याङबो १ कक्षा</td><td>२०००</td><td>७००</td><td>१३००</td></tr>
<tr><td></td><td></td><td>प्रशिक्षक देवराज चौलागाई १ कक्षा</td><td>२०००</td><td>७००</td><td>१३००</td></tr>
<tr><td></td><td></td><td>प्रशिक्षक मनिला विष्ट १ कक्षा</td><td>२०००</td><td>७००</td><td>१३००</td></tr>
<tr><td></td><td></td><td>प्रतिवेदक शान्ती अधिकारी</td><td>४०००</td><td>१५००</td><td>२५००</td></tr>
<tr><td>४०९/ २०७७।०२।१८</td><td>रुपान्तरणका लागि रुपान्तरित नेतृत्व कार्यक्रम</td><td>संयोजक शान्ती अधिकारी ३ दिन</td><td>२०००</td><td>९००</td><td>११००</td></tr>
<tr><td>१४०/ २०७६।०८।१३</td><td>प्रजनन स्वास्थ्य शिक्षा तथा अन्तरक्रिया कार्यक्रम</td><td>संयोजक मनिला विष्ट ८ दिन</td><td>१६०००</td><td>२४००</td><td>१३६००</td></tr>
<tr><td></td><td></td><td>प्रशिक्षक टिकाराम अधिकारी १८ कक्षा</td><td>२७०००</td><td>१२६००</td><td>१४४००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४३४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८७.</td><td>बढी भुक्तानीः अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को बुँदा ७.१.१५ मा नेपाल सरकारका तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालन हुने कार्यक्रममा लाग्ने खर्चको अधिकतम नम्स उल्लेख छ । निर्देशिकाको बुँदा नं ७.१.१५ मा सहायक स्तरको तालिममा वाह्य स्रोत व्यक्ति भएको अवस्थामा प्रशिक्षकले प्रति कक्षा रु.१५०० का दरले पारिश्रमिक पाउने उल्लेख छ ।गो.भौ.नं. ४०९/२०७७।०२।१८ बाट रुपान्तरणका लागि रुपान्तरित नेतृत्व कार्यक्रममा प्रति कक्षा रु.४००० का दरले दैनिक बढिमा ३ कक्षा हुने गरी पारिश्रमिक भुक्तानी हुने गरी डा. रेणु अधिकारीसँग सम्झौता गरी ३ दिनको प्रत्येक दिन ४ कक्षा हुने गरी १२ कक्षाको रु ४८००० भुक्तानी गरेको छ । सम्झौता बमोजिम दिनको ३ वटा कक्षाको दरले हुनुपर्नेमा ४ वटा कक्षाको दरले ९ वटा कक्षाको प्रशिक्षण भत्ता हुनपर्नेमा १२ वटा कक्षाको भुक्तानी भएकोमा ३ वटा कक्षाको प्रशिक्षक भत्ता रु.१२००० असुल हुनुपर्ने । त्यसै गरी प्रत्येक कक्षाको ४००० को दरले पारिश्रमिक प्राप्त गर्ने कानूनी आधार पेश गर्नुपर्ने अन्यथा अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५</td><td></td></tr>
</table>

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बमोजिम प्रत्येक कक्षा वापत प्राप्त गर्ने प्रशिक्षक भत्ता रु.१५०० का दरले ९ वटा कक्षाको रु.१३५०० भुक्तानी हुनुपर्नेमा ९ वटा कक्षाको रु.३६००० भुक्तानी भएकोले बढी भुक्तानी भएको प्रशिक्षक भत्ता रु. २२५०० रकम असुल हुनुपर्ने रु.	३४५००
८८.	**करारका कर्मचारीलाई महंगी भत्ताः** सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौंको मिति २०७४।०१।२५ , च.नं. २१७ को करारका कर्मचारीको सुविधा सम्बन्धी जानकारीको परिपत्रमा करारका कर्मचारीलाई मंहगी भत्ता दिने उल्लेख छैन । तर यस स्थानिय तहले यो वर्ष करारका १२ जना कर्मचारीलाई महंगी भत्ता रु.४७३३३।भुक्तानी दिएको देखिएको छ ।	
८९.	**कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले कानून नबनाई यो बर्ष निम्नानुसार अतिरिक्त भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	५११८४८१

भौ.नं.:/ मिति	विवरण	रकम
४६/२०७७।०३।२९	स्वास्थ्यतर्फका ६० जना स्वास्थ्यकर्मी लाई कोभिड १९ को जोखिम भत्ता रकम	१९८०५८०
५९३/२०७७।०३।२७	कर्मचारीहरुको प्रोत्साहन भत्ता तथा कोभिड १९ जोखिम भत्ता	३१३७९०१
	जम्मा	**५११८४८१**

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९०.	**भ्याट बिल पेश नभएकोः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गो.भौ. नं. ७/२०७७।०६।०१ बाट रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरेवापतको सम्झौता रकमको गाउँबेसी संचार मञ्च, मनहरी मकवानपुरलाई रु ८२५०० भुक्तानी गरेको छ तर भुक्तानीका लागि भ्याट बिजक पेश नगरी प्यान बिजक पेश गरेको छ । एकमुष्ट सम्झौता भएको रकम रु ८२५०० को भ्याट बिजक पेश नगरी टुक्रे प्यान बिजक पेश गरी भुक्तानी भएको रकम नियम सम्मत भन्न नमिल्ने रु.	८२५००
९१.	**व्यक्तिगत प्रयोजनमा भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गो.भौ.नं. ३३/२०७६।०६।१३ बाट प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईको निजी आवासमा जोडिएको इन्टरनेटको शुल्क वापत रु २६०४३ भुक्तानी दिएको छ । मिति २०७६।०६।०१ मा भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईको निवेदन पेश भएको देखिन्छ । यसरी सरकारी कोषबाट व्यक्तिगत प्रयोजनले खर्च लेखिनु कानुन विपरित देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.	२६०४३
९२.	**बढि भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहायको भुक्तानीमा संलग्न बिल भरपाई भन्दा बढी भुक्तानी भएकाले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	६४१८६

गो.भौ.नं/ मिति	विवरण	भुक्तानी भएको	बिल भरपाई पेश भएको	बढी भुक्तानी
१९२/ २०७६।०९।०३	मुस्लिम महिलालाई एडभान्स मखमल जुत्ता बनाउने तालमिका २० सहभागीलाई प्रतिदिन २०० का दरले तालिम संचालन दिन (२०७६।०६।२७ देखि २०७६।०७।०८ सम्म १२ दिन) भन्दा (१३ दिन) १ दिनको बढी यातायात खर्च बढी भुक्तानी भएको	३४३५००	३३९३५०	४०००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

२००/२०७६।०९।१७	कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन समितिको बैठक भत्ताको रकम बुझेको भरपाईमा देवराज चौलागाईले रकम बुझेको प्रमाण नभएको	२४०००	२१०००	३०००
३६९/२०७६।०१।१७	विवध खर्च शीर्षकबाट रिभरसाइड खाजा घरलाई बढी भुक्तानी	५२१४५	४७६४५	४५००
४४५/२०७६।०३।०४	नेटवकिङ्ग गाउँपालिका बिल भुक्तानी	१४५३२९	११७२१८	२८१११
२२/२०७६।०६।१२	नेतृत्व विकास तथा लेखा तालिम अन्तरगत तपसिल बमोजिम व्यक्तिले निम्न भूमिका निर्वाह गरेवापतको भुक्तानी भनि खर्च लेखेकोमा के वापतको रकम हो सो रकम बुझेको प्रमाण पेश नभएकाले असुल हुनुपर्ने	-	-	२४५७५
			जम्मा	६४१८६

९३.	**बढी भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ४७६/ २०७७।०३।०३ बाट कार्यालयले पत्रपत्रिका मिति २०७७।०२।१८ मा अन्नपूर्ण पोष्ट दैनिकमा विभिन्न निर्माण सम्बन्धि बोलपत्रको सुचना प्रकाशन गरेवापत एड प्वोइन्टलाई भुक्तानी दिंदा ५×१८ cc को प्रति cc१४०० का दरले २५ प्रतिशत छुट समावेश गरी मू अ कर थप गरी रु १०६७८५ भुक्तानी दिनुपर्नेमा रु.११२७१८ भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	५९३३
९४.	गो.भौ.नं. ५२३/२०७७।०३।१९ बाट गाउँवेसी क्रियसन प्रा.लि. लाई सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र पत्रकारिता तालिम सञ्चालन गरेवापत रु २९३२३५ भुक्तानी दिइएको छ । तर गाउँवेसी क्रियसन प्रा.लि. र कार्यालयबीच मिति २०७६।०३।०९ मा भएको सम्झौतामा कार्य सम्पन्न हुनुपर्ने मिति २०७६।०३।२५ लेखिएको र सम्झौतामा तोकीएको समयभित्र कार्यक्रम सम्पन्न नभई रकम फ्रिज भएमा कार्यालय जवाफदेही नहुने र रकम निकासा नहुने व्यहोरा उल्लेख छ तर भुक्तानीका लागि सम्झौतामा कार्य सम्पन्न हुनुपर्ने तोकिएको मिति भन्दा १ वर्ष पछि मिति २०७७।०३। १९ मा निवेदन पेश भई भुक्तानी भएको देखिन्छ । यसरी कार्यालय र गाउँवेसी क्रियसन प्रा.लि.बीच भएको सम्झौता विपरित भुक्तानी भएको देखिएकोले नियम सम्मत भन्न नमिल्ने रु.	२९३२३५
९५.	**अध्ययन अवलोकन भ्रमणः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. १४२/२०७६।०६।१३ बाट नदीजन्य पदार्थ व्यवस्थापन खर्च शीर्षकबाट कर सकंलकहरुलाई अवलोकन भम्रणको रकम रु ८१५०० भुक्तानी दिइएको छ । नेपालको पूर्वी जिल्लाहरुको पर्यकटकीय क्षेत्रको अध्ययन एवम् अनुगमनको प्रयोजन राखि कर संकलक ६ जनाले ५ दिनको भ्रमण बिल पेश गरी प्रति व्यक्ति रु ८३०० का दरले रु ४९८०० भुक्तानी लिएको देखिन्छ । त्यसै गरी गाडी नं नरहेको भरपाईको आधारमा अवलोकन भम्रमणमा प्रयोग भएको गाडी भनि प्रतिदिन रु.१००० का दरले ५ दिनको रु ५०००० भुक्तानी भएको देखिन्छ । पेश भएको १ पाने भ्रमणको प्रतिवेदनमा भ्रमणको उपलब्धिमा सम्पादित मुख्य काममा नेपालको विभिन्न स्थानमा रहेका पर्यटकिय क्षेत्र, धार्मिक स्थानमा अध्ययन एवम् अनुगमन गरी मनहरी गाउँपालिकाको आगामी वर्षहरुको लागि सल्लाह सुझाव लिने काम भनि उल्लेख छ । यसरी सरकारी कोषको रकमको उपलब्धिमूलक अध्ययन अवलोकन भम्रणमा खर्च भयो भनेर भन्ने अवस्था देखिएन । रीत नपुर्‍याई यसरी खर्च लेखिएको रकम नियमसम्मत भन्न नमिल्ने देखिएको रु.	८१५००
९६.	**प्रयोगको प्राविधिक पुष्टयाईः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ ।कार्यालयको देहायको भुक्तानीमा निश्चित प्रयोजनका लागि निम्न खरिदको बिल पेश भएकोमा प्रयोगको प्राविधिक पुष्टयाई पेश नभएकाले पेश हुनुपर्ने रु..	६०४०७६

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

भौ.नं:/ मिति	विवरण	परिमाण	रकम
२८४/ २०७६।१०।२८	400 mm 2.5 kg/cm^2 HDPE pipe	३० मिटर	१४०१०८७
	400 mm 2.5 kg/cm^2	४ थान	१६२७२
४१५/ २०७७।०२।२१	२६ गेज जस्ता पाता ३५ mm	६४ वण्डल	४८९६४६
६१५/ २०७७।०३।३०	NP3 300 mm RCC Humepipe	३ थान	२८८१५
	NP3 90 mm RCC Humepipe	२ थान	६८२२३
	NP3 60 mm RCC Humepipe	७ थान	११२०
		जम्मा	६०४०७६

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९७.	**छात्रवृत्ति कार्यक्रमः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राख्नु पर्ने प्रावधान रहेको छ । ।गो.भौ.नं. २८७/२०७६।११।०२ बाट महेन्द्र ज्योति माध्यामिक विद्यालयलाई प्रति विद्यार्थि रु ३५७१५ का दरले ७ जना प्राविधिक विद्यार्थीको छात्रवृत्ति रकम भुक्तानी दिएको छ । ७ जना विद्यार्थी प्राविधिक शिक्षा अध्ययनको लागि भर्ना भएको रसिद पेश नभएकाले पेश हुनुपर्ने रु.	२५००००
	गाउँपालिका स्वास्थ्य चालु तर्फः	
९८.	**बढि भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहायको भुक्तानीमा संलग्न बिल भरपाई भन्दा बढी भुक्तानी भएकाले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	५९६००

गो.भौ.नं/ मिति	विवरण	भुक्तानी रकम	पेश भएको बिल भरपाई	बढी भुक्तानी रकम
६/२०७६।११।३०	अवलोकन भ्रमण खर्च भुक्तानी	१५००००	९४९००	५५१००
२२/२०७६।०३।२५	स्वास्थय शिविरको खर्च भुक्तानी	९९८०६	९५३०६	४५००
			जम्मा	५९६००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९९.	**भ्याट बिल पेश नभएकोः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गो.भौ.नं. ८/२०७७।०३।०३ बाट स्थानिय सरकार रेडियो कार्यक्रम वापत गाउँबेसी सञ्चार मञ्च मकवानपुरलाई रु.२४०००० भुक्तानी दिइएको छ । कार्यालय र गाउँबेसी सञ्चार मञ्च मकवानपुरबीच मिति २०७६।११।०२ मा महिला, दलित, जनजाति, आदिवासी लोपोन्मुख लक्षित कार्यक्रम सम्पन्न गर्ने गरी रु.२४०००० को एकमुष्ट सम्झौता गरीएको छ तर गाउँबेसी सञ्चार मञ्च मकवानपुरले टुक्रे प्यान बिल पेश गरी एकमुष्ट भुक्तानी लिएको छ । यसरी भ्याट बिजक पेश नगरी भुक्तानी भएको रकम नियम सम्मत भन्न नमिल्ने रु........	२४००००
१००.	**भर्पाई पेश नभएकोः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गो.भौ.नं. ७/२०७७।०१।२६ बाट प्रति प्याकेट रु ९९३ का दरले १०० वटा सुत्केरी पोषक प्याकेट खरिद वापत रु.९९३०० भुक्तानी भएको छ । जसमध्ये ४६ वटा सुत्केरी पोषक प्याकेट हाँडिखोला स्वास्थ्य चौकीबाट सुत्केरीले बुझेको भरपाई पेश भएको छ । बाँकी ५४ वटा सुत्केरी पोषक प्याकेटको वितरणको भरपाई पेश नभएकाले पेश हुनुपर्ने रु...	५३६२२
	गाउँपालिका शिक्षा चालु तर्फः	
१०१.	**शिक्षक तलब भुक्तानीः** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने, नियम ३६ को ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्था छ। गो.भौ.नं.२/२०७७।१०।२३ बाट मिति २०७६।०८।२२ को श्री भोजसिद्ध माध्यामिक विद्यालय मनहरी ५, बसन्तपुरमा कार्यरत शिक्षक पुर्णचन्द्र भुषाललाई गाउँपालिकाको शिक्षा शाखा मातहत कामकाजमा खटाउने निर्णय भएको र निज शिक्षकको सट्टामा उक्त विद्यालयमा पठनपाठन गराउने शिक्षकको तलब भत्ता गाउँपालिकाले व्यहोर्ने भनि कार्यपालिकाको बैठकको निर्णय अनुसार श्री भोजसिद्ध माध्यामिक विद्यालय मनहरी ५, बसन्तपुरलाई शैक्षिक अनुदान रु.४५५००० दिएको देखिन्छ । शिक्षक पूर्णचन्द्र भुषाल गाउँपालिकाको कार्यालयमा मिति २०७६।०८।२९ देखि हाजिर भएको र निजको सट्टा विद्यालयमा खटिइजाने शिक्षकलाई श्रावण देखिको तलब भत्ता भुक्तानि दिंदा श्रावण देखि मंसिर २९ गते सम्मको तलब भत्ता सरकारी कोषबाट दोहोरो भुक्तानी भएको देखिन्छ । त्यसै गरी करार सम्झौताद्वारा नियुक्त हुने कर्मचारीको सेवा सुविधा सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७, मिति २०७४।०१।२५ को जानकारी पत्रमा कम्तीमा ६ महिना निरन्तर करार सेवा गरेको कर्मचारीलाई मात्र चाडपर्व खर्च र पोशाक भत्ता उपलब्ध गराउने भनी परिपत्र भएकोमा सट्टा शिक्षक लक्ष्मी नारायण चौधरीसँग गाउँपालिकाले करार सम्झौता नै नगरेकोले श्री भोजसिद्ध मावि मनहरी ५ बसन्तपुरलाई दिइएको अनुदान रकम नियम सम्मत भन्न नमिल्ने रु ...	४५५०००
	गाउँपालिका कृषि चालु तर्फः	
१०२.	**वितरणको भरपाई पेश हुनुपर्नेः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६,३ मा खर्च गर्दा खर्चको बिल भर्पाई र पुष्टयाई सहित लेखा राखु पर्ने प्रावधान रहेको छ ।कार्यालयको देहायको भुक्तानीमा निश्चित प्रयोजनका लागि निम्न खरिदको बिल पेश भएकोमा सम्बन्धितले सामाग्री बुझेको भरपाई पेश नभएकाले पेश हुनुपर्ने रु**............**	२७६०००

भौ.नं:/ मिति	विवरण	परिमाण	रकम
५/२०७६।१०।२८	काक्रो मालिनीको बीउ	१६० प्याकेट	९१०००
६/२०७६।१०।२८	सिमीको बीउ	१०० ग्रामको ५०० प्याकेट	९००००
७/२०७६।१०।२८	सिमीको बीउ	१० ग्रामको २५० प्याकेट	४५०००
	लौकाको बीउ	१० ग्रामको १० प्याकेट	१२००
	सलगम	१० ग्रामको ९५ प्याकेट	३८००
	प्याज	१६० केजी	४५०००
		जम्मा	२७६०००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१०३.	**बढी भुक्तानीः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ को दफा १८ (ग) बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्ट गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भए पनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने कारणबाट दोहोरो परेको देखिन्छ । देहाय अनुसारको व्यहोरा देखिएको निम्न रकम असुल हुनुपर्ने देखिएको रु.	२१८४००

क्र.सं	सि.नं.	लाभग्राहीको नाम	वडा नं	समूह	चौमासिक	बढी रकम	कैफियत
१	६४, ६५	ठूलीमाया मोक्तान	१	जेष्ठ नागरिक	प्रथम	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो
२	६४, ६५	ठूलीमाया मोक्तान	१	जेष्ठ नागरिक	दोस्रो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो
३	३, ७४	ठूलीमाया मोक्तान	१	जेष्ठ नागरिक	तेस्रो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो
४	९५, ९८	फूलमाया थिङ	१	जेष्ठ नागरिक	प्रथम	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो

दफा नं	भौ.नं., मिति र ब्यहोरा								बेरुजू रकम
	५	९५, ९८	फूलमाया थिङ	१	जेष्ठ नागरिक	दोस्रो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो	
	६	१०९, ११२	फूलमाया थिङ	१	जेष्ठ नागरिक	तेस्रो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो	
	७	१२०, १२१	रामकृष्ण उप्रेती	१	जेष्ठ नागरिक	पहिलो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो	
	८	१९५, १९६	सुकुमाया रुम्बा	१	जेष्ठ नागरिक	दोस्रो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो	
	९	१७५, १७६	सुकुमाया रुम्बा	१	जेष्ठ नागरिक	दोस्रो	१२०००	नाम, नागरिकता नं उस्तै परी दोहोरो	
	१०	२१६,२१७ २१८	कृष्णमाया थिङ	१	विधवा भत्ता	प्रथम	१६०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	११	२३२, २३३	ज्ञानु पराजुली	१	विधवा भत्ता	प्रथम	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	१२	२८६, २८७	वाल कुमारी दवाडी	१	विधवा भत्ता	प्रथम	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	१३	३५३, ३५५	रोजिन परियार	१	दलित बालबालिका सुरक्षा	प्रथम	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	१४	३५६, ३५७	रोजिन परियार	१	दलित बालबालिका सुरक्षा	तेस्रो	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	१५	१८१, १८२	भिम बहादुर विश्वकर्मा	७	जेष्ठ नागरिक	प्रथम	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	१६	१७८, १७९	भिम बहादुर विश्वकर्मा	७	जेष्ठ नागरिक	दोस्रो	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	१७	१७८, १७९	भिम बहादुर विश्वकर्मा	७	जेष्ठ नागरिक	तेस्रो	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	१८	१९४, २०२	कान्छि माया राई	७	जेष्ठ नागरिक	प्रथम	१२०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	१९	२६४, २६६	कान्छि माया परियार	३	जेष्ठ नागरिक	प्रथम	१२०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	२०	३८६, ३८७	राममाया प्रजा	३	विधवा भत्ता	प्रथम	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
	२१	४७२, ४७३	अखिल तिरुवा	३	दलित बालबालिका सुरक्षा	प्रथम	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२२	४८०, ४८१	उत्सव दर्जी	३	दलित बालबालिका सुरक्षा	प्रथम	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२३	५००, ५०१	रेमन सुनार	३	दलित बालबालिका सुरक्षा	प्रथम	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२४	४८८, ४८९	रेमन सुनार	३	दलित बालबालिका सुरक्षा	दोस्रो	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२५	५०३, ५०४	रोहन सुनार	३	दलित बालबालिका सुरक्षा	प्रथम	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२६	४९३, ४९४	युनिक सुनार	३	दलित बालबालिका सुरक्षा	तेस्रो	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२७	४८१, ४८२	युनिक सुनार	३	दलित बालबालिका सुरक्षा	दोस्रो	१६००	नाम र जन्ममिति उस्तै परी दोहोरो	
	२८	१६५, १६६	मन्जु कुमारी गिरी मन्जु गिरी	८	विधवा भत्ता	दोस्रो	८०००	नाम, नागरिकता नं उस्तै परी तेहोरो	
						जम्मा	२१८४००		
	बालमैत्री स्थानिय शासन घोषणा कार्यक्रम								

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१०४.	बालमैत्रि स्थानिय शासन घोषणा कार्यक्रमको लागि गाउँपालिकाले देहाय बमोजिमका विभिन्न भौ.नं. र मितिबाट रु.३४४८१६१ खर्च लेखेको छ । यसरी खर्च लेख्दा अर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका २०७५ ले तोकेको खर्चको मापदण्ड र सिमा अनुसार खर्च लेख्नु पर्नेमा सो बेगर मापदण्ड र सीमा भन्दा अत्यधिक बढी र फजुल तवरले खर्च गरेको देखियो । यस प्रकारका खर्चहरुको यथार्थता छानविन गरी कार्यक्रम संचालन र खर्च गर्ने जिम्मेवार जनप्रतिनिधी समेतका कर्मचारीलाइ कानुन बमोजिम जवाफदेही तुल्याइ सरकारी हानी नोक्सानी पर्न गएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु. खर्चका केही उदाहरण निम्नानुसार छन्	३४४८१६१

भौ नं मिति	खर्चको बिबरण	खर्च
३१३।२०७६।११।१९	पत्र छपाई वापत	२००००
३८०।०७६।०१।२९	ब्यानर र सामाग्री खरिदः	४१५४६३
२७५।२०७६।१०।२७	इलेक्ट्रीकल सामाग्री खरिदः	१७२४३
२९०।०७६।११।४	अनुगमन खर्चः	१६४३४५
२१२।०९।२४	भाडाः	२८०००
३४३।२०७६।१२।५	विद्यालयले कार्यक्रम संचालन गरेवापत	५१८८९
३४२।२०७६।१०।२७	सुचना टाँस तथा सचेतनामूलक छलफल	२७५०५
१४७।२०७६।०८।१५	अभिमुखीकरण कार्यक्रम सञ्चालन	८२२००
१५।२०७७।०३।२१	घोषणाका लागि स्थिति पत्र तथा रणनीतिक निर्माण कार्यशाला	२५६००
३७८।२०७७।१।२८	अभिमुखीकरण कार्यक्रम सञ्चालन	३४७८००
२६९।२०७६।१०।२६	व्यवस्थापन र कागजात निर्माण	८५५००
	सहजकर्ता विष्णु प्रसाद चौवेलाई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कागजात तयारीका लागि दैनिक रु १२००० का दरले भुक्तानी	८४०००
२।२०७६।०८।१५	कार्यसम्पादन तथा कागजात प्रमाणिकरण वापत	५४१००
	विष्णु प्रसाद चौवेलाई बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक कागजात व्यवस्थापन प्रमाणिकरण कार्यक्रम संचालन गरेवापत दैनिक रु १४००० का दरले भुक्तानी	२८०००
१३७।२०७६।०८।५	अवलोकन भ्रमणमा ३२ जना सरोकारवालाको सहभागिता रहेको	३०२८८०
३७३।२०७७।०१।२२	घोषणा पूर्व सूचनाको लागि	२२५००
२६२।२०७७।१०।२३	सूचना प्रसारण	३०००
२३३।२०७७।१०।०३	विशेषाङ्क प्रकाशन तथा सूचना प्रकाशन	२००००
६०६।२०७७।०३।२९	वृत्तचित्र निर्माण	२७००००
५४९।२०७७।०३।२२	प्रत्यक्ष प्रसारण	१२४८६५
५८५।२०७७।०३।२६	प्रचारप्रसार, रिपोर्टिङ्ग	७७३८०

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१०५.	त्यसैगरी भौ नं ३९७।२०७७।०२।०५ बाट बालमैत्री घोषणा सभा कार्यक्रम सम्पन्न गरेवापत निम्नानुसार रु.१२५३७९१ खर्च लेखेको छ । यस खर्चको सम्वन्धमा समेत अर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका २०७५ ले तोकेको खर्चको मापदण्ड र सिमा अनुसार खर्च लेख्नु पर्नेमा सो बेगर मापदण्ड र सीमा भन्दा अत्यधिक बढी र फजुल तवरले खर्च गरेको देखियो । यस प्रकारका खर्चहरुको यथार्थता छानविन गरी कार्यक्रम संचालन र खर्च गर्ने जिम्मेवार जनप्रतिनिधी समेतका कर्मचारीलाइ कानुन बमोजिम जवाफदेही तुल्याइ सरकारी हानी नोक्सानी पर्न गएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.	१२५३७९१

सि.नं.	विवरण	रकम
१	यातायात भाडा सर्वसाधारणको लागि	४६००००
२	स्पीकर भाडा	११०००
३	अटो भाडा	२९७००
४	यातायात भाडा पत्रकारको लागि	५०००
५	टेण्ट भाडा	१६२१५५

दफा नं	भौ.नं., मिति र ब्यहोरा			बेरुजू रकम
	६	मायाको चिनो	४००००	
	७	बजार सरसफाई	३२८१५	
	८	प्राथमिक उपचार	१३८०	
	९	खाना खाजा	१९५०००	
	१०	रेडियो नाटक तथा सूचना	२८५००	
	११	प्रतिवेदन छपाई	१४०००	
	१२	खादा खरिद	२४०००	
	१३	माला	२००००	
	१४	प्ले कार्ड र स्वयम्सेवक बिल्ला	१९५००	
	१५	सूचना प्रकाशन	५०००	
	१६	पेन ड्राइभ खरिद	७२००	
	१७	नेपाली झण्डा खरिद	१०४४५	
	१८	स्वागत ब्यानर	१६१७५	
	१९	विविध	१३४२१	
	२०	खैजडी तथा पञ्चेबाजा टोली भत्ता	३००००	
	२१	पत्रकार टोली भत्ता	२७०००	
	२२	कलाकार राजा राजेन्द्र पारिश्रमिक	३५०००	
	२३	कलाकार मिलन लामा पारिश्रमिक	४१५००	
	२४	साग स्वर्ण विजेता महशुस मुक्तानलाई पुरस्कार प्रदान	२५०००	
		जम्मा	१२५३७९१	
	स्थानिय तह प्रकोप व्यवस्थापन कोष चालु			
१०६.	**राहत वितरणः** मनहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले कोभिड १९ को कारण भएको लकडाउनको समयमा आर्थिक अवस्था कमजोर भई खाद्य आवश्यकता पुरा गर्न नसक्ने गाउँबासीको लागि वडा स्तरीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार वडा कार्यालय बैठकले स्वीकृत गरेका लक्षित वर्ग छनोट गरी राहत वितरण गरेको छ ।कार्यालये विभिन्न १३ वटा सप्लायर्सबाट रु ५०८३६६३ को खाद्यान्न खरिद गरेको छ । वडा नं ४ ले कुपन प्रणालीबाट खाद्यान्न वितरण गरेको छ भने बाँकी वडाले भने भरपाईको आधारमा खाद्यान्न वितरण गरेको छ । यस्तै वडा नं २ र वडा नं ३ ले खाद्यान्न वितरण गर्दा परिमाण नखुलाएको कारणले वडा नं २ र वडा नं ३ मा कति परिमाणमा राहत वितरण भयो एकिन गर्न सकिएन ।			
१०७.	**आन्तरीक लेखापरीक्षण प्रतिवेदन** - लेखापरीक्षणको क्रममा कार्यालय र आन्तरिक लेखापरीक्षकबाट पटक पटक गरी ३ किसिमका आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरु प्राप्त हुन आए । एउटै बेरुजु समेत कुनै प्रतिवेदमा राखिएको र कुनैमा हटाइएको देखियो । तर नियमानसार आ ले प बाट सम्परीक्षण भएको पाइएन । यसबाट आन्तिरक लेखापरीक्षण समेत भरपर्दो र बिश्वसनिय मान्न सकिने आधार देखिएन । यस सम्वन्धमा कार्यपालिकाले आवश्यक ध्यान दिइ आन्तरिक लेखपरीक्षण भरपर्दो र बिश्वसनिय बनाउन पहल हुनुपर्ने देखिन्छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु निम्न छन् ।			
१	कायर्पालिका वैठक भता राजेन्द्र प्रसाद चौलागाई को नाममा भुक्तानी लेखिएको रु.२०४००० मध्ये राजेन्द्र प्रसाद चौलागाईले सहभागी नभई वा सहभागी हुने व्यवस्था समेत नभएकोले गाँउकार्यपालिका वैठकमा प्रमुख प्रशासकिय अधिकृत र गाउँकार्यपालिका सदस्य वाहेक अरु समावेश हुने व्यवस्था नरहेकोले उक्त रकम रु. ११९००। असूल हुनु पर्ने रु.			११९००
२	सञ्चार बापत बच्चु राई का स लाई भुक्तानी गरीएको रु.२१५०० तर विल रु.२०९६० को मात्र भएको			५४०
३	शैलेश वास्कोटा सरको नाममा भुक्तानि सहकारी अनुगमनको लागी रु १ लाख भुक्तानी गरिएको उक्त अनुगमनको लागि प्रतावना वा प्रतिवेदनमा समेत कहिले देखि कहिले सम्मा अनुगमन भएको उल्लेख नभएको र सहभागी उपस्थित नगराईएको ।			

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४	दिपशिखा आयल ट्रेडर्सलई भुक्तानीको लागि पेश भएको लगबुकमा डिजेल ६२७ र पेट्रोल २१८ रहेको र बिलमा पेट्रोल ५९२ र डिजल ९८१ भएकोले बढी ३५४ लि डिजेलको दर ७४/५६ ले हुने २६३९४ पेट्रोल तथा ३७४ को ८४/२९ दरले रु ३१५२४ छानबिन गरी असुल उपर गर्नुपर्ने रु.	७५९१८
५	४५० र ४४९ यस भौ नं बाट रु. ५०८५० को टिसर्ट १०० पिस को बितरण भरपाइ पेश नभएको रु.	५७९१८
६	स म न वि शान्ती अधिकारीले रु ५०००० भुक्तानी लिएको वैठक बापत ८ ओटा वैठकको ६ जनाको दरले ४८ जनाको तर वैठकमा ४० जना मात्र उपस्थित भएकोले ८ जनाको बढि भता भुक्तानी असुल उपर गर्नुपर्ने रु.	५०८५०
७	यसरी फुटबल सामाग्री खरिद गरेको ८ न को वडा सचिव र ७ न को वडा सचिवले माग फारम खरिद आदेश र र दाखिला प्रतिवेदनमा अधिकार प्राप्त अधिकारीको सहिछाप नभएको रु.	५०८५०
८	वडा न ३ को वडा सचिव ले रु ३००० भुक्तानी वैठक भता भुक्तानी गरेकोमा २ जनाले नबुझेको नविन पौडेल र ज्ञानु थिङ रु.	३०००
९	नविन मोक्तानको नाममा भुक्तानि घटना दर्ता अनलाईन तालिममा प्रतिवेदन र प्रस्तावना वापत लिएको रु ४००० मध्ये रु ३००० मात्र पाउने रु १००० हान्स आउट बापत रु १४०० बढी खर्च लेखेको तथा १४ जना सहभागि मध्ये १२ जनाले मात्र प्रतिवेदन पेश गरेको साथै बिल भरपाईको जम्मा रकम रु.८८७०० भएको र ९०७०० भुक्तानी भएको रु.२००० समेत रु.४४००। असूल हुनुपर्ने रु.	४४००
१०	दुना टपरी प्रशिक्षण कार्याक्रिम सञ्चालन वापत राजिव बानिया कम्पुटर अपरेटरले पेश गरेको कार्यक्रम सञ्चालन वडा न १ मा रहेको र बिल ७ को रहेको साथै कुनै बिल र भरपाई प्रमाणित नगराई भुक्तानि गरेकोमा विमला घलान लगायत अनुगमन कर्ता उपस्थित नगराईकन भता वितरण गरेको देखियो राजिव बानियाले प्रतिवेदन प्रस्तावना र सहजिकरण वापत भता लिएको जसमध्ये उहाँले ३००० मात्र पाउने व्यवस्था रहेकोले बढी खर्च रु २००० साथै ११ जना सहभागिको सहिछाप र यातायात खर्च बुझेको भरपाई पेश नभएकोले ११ जनाको २०० को दरले २२०० असूल हुनु पर्ने रु.	४२००
११	न्यु मनकामना फर्निचर उधोग लाई भुक्तानि रु ८८१४० को सामानको भौतिक परिक्षण गर्नु पर्ने साथै दाखिला प्रतिवेदन वेगर गरिएको भुक्तानी कानुन सम्मत नभएको	८८१४०
१२	उपभोक्ता तालिमका लागी ना सु दिपकराज मिश्रको नाउमा रहेको पेश्की फर्छ्यौट गरि बाकि रकम भुकतानी दिईएको मा प्रस्तावना स्विकृत नहुनुको साथै विभिन्न र वडामा भएको तालिमको खर्चमा भुक्तानीमा देखिएको ब्यहोरा निम्न बमोजिम रहेको छ । <u>वडा न ९</u> प्रशिक्षक ४ जना भता खाएको लेखि आएकोमा उपस्थित १ जना ३जना को २००० दरले ६००० १२१ जनाको खाजा र स्टेशनरि खर्च लेखेकोमा उपस्थित ८४ मात्र ३७ जनाको खाजार स्टेशनरीको २५० दरले ८७०० गरी जम्मा रु ११७०० <u>वडा न ८</u> स्रोत व्यक्ति प्रशिक्षक लेखेको ४ जना लेखि भुक्तानि लेखेकोमा उपस्थित २ जना ४००० खाजा खर्च ९४ लेखेकोमा उपस्थित ३४ जना मात्र रहेको ६० जना मात्र रहेकोले ३४ जनाको २५० दरले खाजा र स्टेशनरी को १०० गरी जम्मा १२१०० <u>वडा न ७</u> प्रशिक्षक ३ जनाको २०००को दरले ६००० बेरुजु ११ जनाको बढि खाजा र स्टेशनरी को २७५० गरी जम्मा ८७५० <u>वडा न ६</u> स्रोत व्यक्ति ३ जनाको २००० का दरले रु ६०००	७५०००

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	४ जनाको बढि खर्च १३१६ खाजा स्टेशनरी आदी जम्मा रु ४३१६ <u>वडा न ५</u> स्रोत व्यक्ति ३ जनाको २०००को दरले रु ६००० बढी खर्च <u>वडा न ४</u> <u>स्रोत व्यक्ति ४ लेखेकोमा ३ जनाको</u> २००० को दरले रु ६००० <u>वडा न ३</u> तालिम सचालन को आधार र प्रमाणित गर्ने कागजात सलंगन नभएकोले रु १९४७५ <u>वडा न २</u> स्रोत व्यक्ति ४ जना लेखेको १ जना उपस्थित रहेकोले ३ जनाको रु६००० र स्टेशनरी र खाजा गरी ५८५ जम्मा रु ७०३५ तालिमको लागी भुक्तानी जम्मा रकम मध्ये रु. ७५०००	
१३	जनस्वास्थ्य निरिक्षक टिका अधिकारीले दैनिक भ्रमण खर्चको रुपमा प्राप्त गर्नु भएको रु १४४०० बेरुजु दैनिक भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ बमोजिम दोहोरो भत्ता उपभोग गर्न नपाईने कोभिड १९ को जोखिम भत्ता पनि भुक्तानी भएकोले अनियमित भएको शिवराम बानिया स्वास्थय सि अ हे व अधिकृत छैठो दोहोरो रु.	१४४०० ८१००
१४	यस भौ नं बाट रु २८८१५ को हेम पाईप खरिदको ल ई र मुल्याङकन भएको प्रमाणित नभएको साथै रु १९४८८२ का हेमपाईप खरिदको लागत अनुमान प्रमाणित नभएको हेमपाईपको कोटेशन समबन्धमा दररेट उपलब्ध गराउदा स्पेशिफिकेशन राम्ररी खुलाएको नपाईएकोले कम दरमा उपलब्ध गराउट भएन खर्चमा मितव्यिता अपनाएको देखिएन त्रिवेणि कंक्रिट प्रालि बाट खरिद हेम पाईपमा खरिद नियमाबलिको पालना नभएको देखिन्छ ।साथै कर चुक्ता प्रमाणसमेत समावेश नगरेको देखिन्छ । उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट प्राप्त कारोबार गर्ने प्रमाण पत्र समावेश नगरेको हेमपाईप उपभोग भएको वा हस्तान्तरण भएको प्रमाणित हुने कागजात नभएको ।	
१५	टेकराज पोखेलले पेश गरेको सञ्चार खर्च बिल १६००० को भई १७००० भुक्तानी गरेको दर्खिएकोले बढी खर्च रु	१०००
१६	सेफ हाउस र सभाहलमामा खर्च भएको सामान आर्थिक कार्यबिधि नियमावलि २०६४ को नियम ४६ अनुसार भण्डार प्रमुख वा सहायक को जिम्मामा रहनेगरी स्टोर दाखिला गर्नुपर्ने प्रावधान छ । व्यक्तिगत हिसाबले सामान जम्मामा राखे कानुन सम्मत नभएको र त्यसको आधारमा भुक्तानी दिन नमिल्ने देखिएकोले भौतिक परिक्षण गर्नुपर्ने देखिन्छ ।	४३५५०
१७	वालिका विमा कार्यक्रम अन्तर्गत गा पा ले विमा कम्पनिलाई उपलब्ध गराएको रकम रु ५००००० उक्त रकम को विमा पोलिसि पेश र रसिद पेश नभएको ले भुक्तानि दिन नमिल्ने देखिन्छ ।	५०००००
१८	टेकराज पोखेलले ढुङ्गा गिट्टि वालुवा अनुगमन मा खटेको जि स स का पदाधिकारीले खाजा खाना बापत खर्च बिल पेश गरेको रु २२३८० को उपस्थिति नभएको देखिन्छ । साथै गो भौ न ५६४ बाट सरोज मोक्तान ईन्चार्ज ढुङ्गा गिट्टि वालुवाको कर संकलक अनुगमन उपस्थित प्रमाणित हुने गरि पाईसकेकोले दोहोरो दिन नमिल्ने साथै ईन्धनको बिल रु १०००० कुनै नियम वा कार्यबिधि अनुसार नमिल्ने देखिन्छ र लगबुकमा दुरी माईल नखुलाएकोले जम्मा बेरुजु रु	३२३८०
१९	अनिल सुवेदीलाई भुक्तानी गरिएको रकम मध्ये चालक भता बुझेको भरपाई नभएकोले रु ४५०० र न ईन्धन दिन लाई लगबुक समावेश नभएकोले रु ३४०५७ साथै गौतम बृद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला चितवनलाई ढुङगा गिट्ट वालुवा हस्तान्तरण गर्दा बुझिलिएको पक्षको भरपाई नभएकोले बेरुजु रु ७८२२५ र गाडिको बिलबुक र चालकको लाईसेन्स समेत संलगन नभएको देखिन्छ ।	११६७८२
२०	यसरी पर्सा राष्ट्रिय निकुञ्जलाई पाईप खरिद रकम मैनाली सप्लायर्सलाई दिएकोमा खर्च भएको प्रमाणित हुने कुनै प्राविधिक जाँसपास र अनुगमन मुल्याङकन नभई खर्च भएको देखिन्छ ।कानुन सम्मत नभएको देखिन्छ । साथै मेनालि सप्लायर्सको फर्म नविकरण नभएको देखिन्छ ।	१०२२९९

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२१	सहकारीलाई अनुदान दिईएको रकम रु ४४००००० विभिन्न सहकारी लाई त्यसको लागी पालिकाले बनाएको आर्थिक सहायता तथा अनुदान सम्बन्धि ऐन २०७५ अनुसार घुम्ति स्थापनाको लागी निवेदनको लागि वैठकको प्रतिलिपि आ व ०७५/७६ को लेखापरिक्षण प्रतिवेदन आ व ०७५/७६को करचुक्ता को प्रतिलिपि वडाको सिफारिस संलगन नभएको अनुदान प्राप्त गर्ने सहकारीहरुले आफु प्राप्त को खर्च र कार्यक्रमको प्रस्तावना समेत स्वीकृत नगराएको कमजोरी देखीएको साथै अनुदानको सहि सदुपयोग भयो नभएको समय समयको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने र प्रगति विवरण समेत पेश गर्ने कानुनी व्यवस्था रहेकोले कानुन को पालना नभएको देखीन्छ । अनुदान दिएको प्रयोजनमा खर्च नगरेको गरेको प्रगति विवरण माग गरी छान विन गर्नु पर्ने	४४०००००
२२	गौरीशंकर छापाखाना हेटौडाबाट प्याड छपाई गरेबापत भुक्तानी दीईएको देखिन्छ । त्यस्तै गो भौ न ५० १५६ ३५२ ४९६ ४९५ बाट समेत उक्त छपाखानाबाट कारोबार गरेको देखिन्छ ।एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढि सोझै खरिद गर्न सकिने छैन । कानुनको पालना नभएको देखिन्छ ।	
२३	ईन्धन खर्चः सरकारी काममा सवारी साधन (मोटरसाईकल जीप र ट्रयाक्टर) प्रयोग गरीएकोमा ईन्धनकोकतिपय भुक्तानीमा साथै लगबुक समावेश नगरीएको पाईयो पेश गरिएको लगबुकमा प्रयोगगरिएको सवारी साधन कार्यालयको कामसँग सम्बन्धित भएको देखिदैन(लगबुकमा कुन स्थानमा कुन प्रयोजनकोलागी गएको भनी देखाएको छैन) • पेश गरीएको लगबुकमा ईन्धन खपत प्रति लि कति कि मि देखाईएको छैन साथै मापदण्ड तोकिएको छैन । • प्रचलित कानुनले ईन्धन सुविधा पाउने कर्मचारी पदाधिकारी लाई कोटा भन्दा बढि ईन्धन उपलब्ध गराउदा कारण सहित आदेश संलगन नभएको देखिन्छ । प्रचलित कानुन भन्दा बाहिर गएर भएको खर्च देहाय बमोजिमको रहेको पाईयो । गो भौ न १३४ मा लगबुक समावेश नगरि दुप्चेश्वर आयल स्टोर्स लाई भुक्तानी रु १६१५२७ गो भौ न २१० दप्चेश्वर आयल स्टोर्स लाई भुक्तानी रु ८९८०९ बिल मा र लगबुकमा उल्लेख भएको परिमाण मा फरक २७५ ली बढी पेट्रोलको ९४/९९ दरले २६१२२ र २१६ ली डिजेलको ८५/१६ को दरले रु १८३९४ गरी जम्मा रु ४४५१६ गो भौ न ३६० मा लगबुक अनुसार फरक पेट्रोल १३८ को ९४/९९ को दरले रु १३१०८ र डिजेल ४२६ ली को ८५/१६ को दरले रु ३६२८६ गरी रु ४९३९४ गो भौ न ५४४ दुप्चेश्वर आयल स्टोर्स लाई ईन्धन रकम भुक्तानी गरिएको रु १३०८१६ मध्ये वास्तविक लगबुक अनुसार पेट्रोल २९१ को ९५/९५ को दरले रु २७९२१ र डिजल १५९ को ७४/५६ को दरले रु ३९७७६ भएको र भुक्तानी बढी गएको बेरुजु रु ९१०४० गो भौ न ६१९ दुप्चेश्वर आयल स्टोर्सलाई भुक्तानी रु१०७१९४ को लगबुक समावेश नगरी भुक्तानी भएको बेरुजु साथै स्तानिय तहका पदाधिकारि हरुको सेवा सुविधा सम्बन्धमा प्रदेश कार्यबिधि अनुसार खर्च गर्नुपर्ने ईन्धन भन्दा बढी परिमाणमा खर्च गरेको रु ४२०५४ बेरुजु र कानुन विपरीत कर्मचारिकोव नाममा थपलेखेको १५६ ली १०१बेरुजु १५७९५को दरले र २५/	
	कृषि चालु	
२५	पशुशाखाबाट प्रमाणित भई आएको कुषि गणक प्राविधिक दिलिप देवकोटाले विभिन्न वडामा गरेको कुत्रिम गर्भाधारणमा गाई भैसीको मात्र बजेट विनियोजन भएकोमा बाखाको पनि गरि भरपाई पेश भएको छ ।	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अशोक ढुङ्गानाको ३० भैसिको मात्र गरेको देखिन्छ ।बढि भुक्तानी ९ ओटा को ३०० दरले २७०० बेरुजु रमेश न्यौपाने २३ वटा पशुको मात्र गरेको देखिन्छ । बढि भुक्तानी रकम रु.१९००	४७००
२६	प्रशिक्षक संयोजक र प्रतिवेदक एउटै व्यक्ति हुँदा रु ३००० सम्म भुक्तानी दिन मिल्ने कानुनी व्यवस्था छ ।बढि भुक्तानी नमिता अधिकारी रु १००० र यशोदा दुलाल रु.१०००	२०००
२७	कृतिम गर्भाधारणको लागी दिईएको भुक्तानी मा दिलिप देवकोटाको पशु सङख्या २२२ मात्र पुग्छ ।बाकी अरु बाखा छ । न्यौपानेले १२० पशुको मात्र कृतिम गर्भाधारण गरेको पुष्टि हुन आएकोले बेरुजु १० पशु बराबर रु ३००० कृतिम गर्भाधारण प्राविधिक श्री विष्णु अधिकारीले १५ ओटा पशुको गर्भाधारण गराएको पुष्टि हुन नसकेकोले बेरुजु रु.४५००	४५००
२८	गत आ व २०७५/२०७६ को कृतिम गर्भधारण कार्यक्रमको भुक्तानी चालु आ व २०७६/२०७७ बाट गरिएको देखिन्छ । गत आ व को भुक्तानी बाँकी म.ले.फा १८ को कच्चाबारी तयार गरी को.ले.नि.का. का बाट प्रमाणित गराउनु पर्ने कानुनी व्यवस्था को पालना नभएको देखिन्छ ।	
२९	विभिन्न मितिमा धान विउ खरिद गरिएको र कृषक समुह र वचत ऋण सहकारी वितरण गरिएको रु १०४६९२१ रकम बराबरको बिउ कर कट्टि गरी परिमाण १९११० किलो खरिद गरिएको पाईयो जसमध्ये १३८९५ किलो मात्र विभिन्न समुहलाई बुझाएको भरपाई पाईयो बाँकि ५२१५ किलो को ५५ को दरले रु २८६८२५ साथै छतिवन कुषि सहकारी संस्था ले जारी गरेको बिल २८७५६० को फोटोकोपि बिल समावेश भएकोले बिल नकलि देखिन्छ । भुक्तानि को लागी सक्कल बिल संलग्न गर्ने कानुनी व्यवस्था छ । बिल जारी २०७७।०२।०५ मा भएको र दाखिला रिपोर्ट २०७७।०२।०४ मा भएको जनाँउदछ । समुह र संस्थाले बिउ बुझेको तथा वितरणको भरपाई पेश गर्नुपर्ने रु.	२८६८२५
३०	साना किसान कृषि सहकारि संस्था लि मनहरी ८ र मनहरी ३ गरी १३७५०००को अनुदान दिईएको पाईयो जुन गरिबिकोजिविकोपार्जन तथा आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०७६ बमोजिम दिईएको उक्त कार्यबिधि अनुसार अनुदानको लागी निज संस्था उपयुक्त हो कि नाई प्रमाणित हुने आधार लेखापरिक्षण रिपोर्ट समावेश नभएको र जेठ मसान्त भित्र अनुदानको लागी सिफारीस गर्ने व्यवस्था छ । जुन गरेको पाईएन साथै विगत मा यस्तो अनुदान पालिका बाट पायो कि पाएन रपायो भने प्रगति विवरण पेश हुनुपर्ने र अनुदानको रकम समयमा अनुगमन गरी अनुदान रकमको उपयोगिता देखाउने प्रतिवेदन संलगन गर्नुपर्नेछ । <u>त्यस्तै गा.पा. चालुमा समेत गो भौ न ६१६ मा</u> प्रत्येक महिना लगानी भएको रकम को किस्ता असुली गर्ने र सो को बिवरण सम्बन्धित वडा र गाँउपालिका पठाउने । साथै कार्यविधिको दफा ५ मा प्रत्येक वर्ष सिफारिस गर्दा गत बर्षदेखि सम्बन्धित महिला सहकारी घुम्तिकोपमा गएको अनुदान रकम र सस्थाले बनाई परिचालन गरेको कार्यप्रगति अनिवार्य संलगन गर्नुपर्ने छ साना किसान कृषि सहकारी संस्था लि मनहरीगरी दुई भएको मा दुवैको छ ३र ८-ाप लोगो एउटै देखिन्छ । जसले गर्दा एउटै हो कि फरक फरक आधार प्रस्तुत गर्नुपर्ने ।	
३१	यसरी साना किसान सहकारी संस्था लाई अनुदान रु ८०९२५ दोहोरो हुन गएकोले (पहिलो महिला सहकारी अनुदान पाएको) एउटै सस्था लाई पटक पटक अनुदान दिनु उचित नदेखिएको रु. यसरी सहकारी संस्था वा अन्यलाई अनुदान सहायता गर्न बनेको मनहरी गा ०पा०को निर्देशिका २०७५ बमोजिम दफा ६ मा संस्थागत अनुदान दिने प्रक्रिया उल्लेख छ । जसमा संम्बन्धित संस्थाले कार्यक्रम बनाई खर्च गर्नेगरि निकासा पठाउँदा उक्त कार्यको लेखापरिक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यब्था समेत	८०९२५

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सम्झौतामा उल्लेख गर्नुपर्नेछ। भने व्यवस्था भएकोले पालिकाबाट विभिन्न संस्थालाई दिईएको अनुदानमा त्यो सम्झौतामा उल्लेख छैन ।	
	स्वास्थ्य शाखा	
३२	अनुज सर्जिकल सप्लायर्स हेटौडालाई भुक्तानी टिकाराम अधिकारिको सिफारिसमा रु ३३९८८० खरिदको लागी दररेट माग गरी खरिद गरेकोमा उक्त सामाग्री स्वास्थ्य संस्था ले बुझेको दाखिला प्रतिवेदन सहित स्वास्थय संस्था प्रमुखको सहिछाप प्रमाणित नभएकोले स्वास्थय संयोजक टिकाराम अधिकारीले खरिद गरेको सामाग्रीको उपयोगिता देखिन आएन रु.	३३९८८०
३३	टिका अधिकारीको नाममा भुक्तानी घुम्ति शिविर सञ्चालन कार्यक्रम वैशाख -५ वैशाख-१७ वैशाख-१९ वैशाख -२० रहेकोमा बिल रु.९५५० मिति २०७६ /१५/११/। सहभागीले कोभिड १९-भत्ता भुक्तानी भएकोले उक्त मितिमा शिविर सञ्चालन गर्दा भता लिएको देखिएकोले अनियमित भएको रु.२१००० साथै बिल भरपाईको जम्मा रकम रु.९५६८१ मात्र भई रु.९९८०६ भुक्तानि गरेको बढी भुक्तानी रु.४१२५ गरेको रु.	२५१२५
	संघीय सरकारबाट हस्तान्तरित कार्यक्म चालु	
३४	प्रभुसा स्टोर्स एणड जनरल अर्डर सप्लायर्सलाई भुक्तानी गरीएको रु ७०४९५ को जिन्सी सामाग्रीको हस्तान्तरण फारममा अधिकारप्राप्त अधिकारीको सहि छाप नभएको र कार्यालयको छाप र बुझिलिनेको स्वास्थय संस्थाको दाखिला प्रतिवेदन संलगन नभएको देखीन्छ ।	
३५	मनहरी गाँउपालिका अन्तर्गत स्वास्थय संस्थाको कर्मचारीलाई श्रावण भदौ को तलब समेत चाडपर्वखर्च भुक्तानी लेखा रु.२१११३७४ लगायत अन्य तलब भता प्रत्येक आ ब को सुरुमा स्थानीय तहले कार्यरत स्वास्थय संस्थाको कर्मचारीको तलब भता सम्बन्धि एकीन विवरण सम्वन्धित ईकाई बाट प्रमाणित गराई प्राप्त गरी अधावधिक गरी सोही अनुसार दरबन्दिमा बमोजिम स्वास्थ्य संस्था बाट प्राप्त माग फारम रुजु गरी अनुदान व्यवस्था मिलाउनुपर्छ ।	
३६	शारदा पोखेललाई भुक्तानी ईन्धन खर्च वापत रु १२५६८ को लंगबुक नभएको नदेखिएको रु.	१२५६८
३७	गाँउघर क्लिनिक संचालन वापत स्वास्थ्य कर्मीहरुलाई यातायात खर्च दिईएको लेखामा यातायात बापत अर्थ मन्त्रालय अनुसार खर्चको मापदणड ७.१.५ अनुसार दूई दिन सम्मको लागी २०० मात्र दिन मिल्ने भएकोले बढी भुक्तानी रु २०० को दरले २२३ को जम्मा रु ४४६०० असूल हुनु पर्ने रु	४४६००
३८	प्राकुतिक प्रकोप चौमासिक समिक्षा तथा RRT परिचालन शीर्षकको खर्च भुक्तानीको लेखामा ३६००० को दैनिम भ्रमण भता बिल डा. ज्योतिराम लुईटेल रामचन्द्र दाहाल शिवराम वानिया लाई भुक्तानीमा उहाँहरुले उक्त अवधीको जोखिम भता वापत ५० प्रतिशत पाएको हुनाले भ्रमण खर्च नियमावली नियम ७ को उपनियम ११ ले दोहोरो खान नपाउने भएकोले असूल हुनु पर्ने रु	३६०००
३९	कार्यक्रम बजेट १ लाख रहेको बिल भरपाई रु.७६८०० को पेश गरी भुक्तानी गरिएको स्वास्थ्य संस्था तथा पालिका बिच ढुवानीको भएको सम्झौता प्रतिलिपि संलगन गर्नुपर्ने । सि. अ.हे.व अ.हे . व अनमिहरु आफे खुसि हाजरी गरी औषधि तथा खोप सामग्री ढुवानी गरेको भनी रु. २५०० दरले भुक्तानी लिएको भरपाई संलगन छ । यसरी कुन ऐन को अधिनमा रहेर गरेको प्रटाउनुपर्ने बजेट खर्च गर्ने प्रयोजनको साथ भुक्तानी माग गरेको देखिन्छ । रु १४५०० भरपाई समेत नभएकोले पेश हुनु पर्ने रु.	१४५००
४०	टिका अधिकारी जनस्वास्थय निरिक्षकको नाममा भुक्तानी पोषण कार्यक्रम संचालन भएको पृष्टि हुने आधार वेगर टिप्पणीको आधारमा भुक्तानी दिन नमिल्ने साथै वडा को सिफारिस अनुगमन भएको पाईएन साथै उपस्थित समेत नभएको र फोटो समेत नभएकोले अनियमित भएको रु	३०४००
४१	भुटनदेवी ट्रेड हाउसलाई न्युनतम सेवा कार्यान्वयनका लागी आवशयक स्वास्थय सामाग्री माग फारम स्वीकृत नभई भुक्तनी भएको र vat bill समेत केरमेट गरेकोले रु.६४४९ मूअकर समायोजन पेश हुनुपर्ने रु	६४४९

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४१	कार्यक्रम भएको प्रमाणित नभएको वडाको सिफारिस नभईएको कार्यक्रम स्विकृत र लगत स्वीकृत नभएको साथै गाँउवेशी क्रिएसन प्रा.लि मनहरी ७ लाई भुक्तानि रु.१२०४२ को कुनै सहमति आदेश बेगर गराएको अनियमित भएको रु	५५४२
४२	नियमित तथा पुर्ण खोप दिगोपन र खोप ढुवानी खर्च बिल र प्रमाणित गर्ने पेपर मिति समेत नखुलेको र कुन आ.व. को हो स्पस्ट नभएको प्रतिलिपि संलग्नको आधारमा भुक्तानी दिन नमिल्ने कतिपय बिल समेत प्रमाणिकरण नभएको प्रमाणित गर्ने कार्यक्मलाई स्पष्ट भएन ।	
४३	ईजिडिल ईन्टरनेशनल प्रा.लि लाई भुक्तानी रु ९७६८५७ को लागी कोटेशन माग गर्नु अगावै खरिद आदेश दिईएको देखिन्छ । २०७६/०३/२५ को आदेश दररेट पेश भएको २६ र २७ मा खरिद ऐन र नियमावलिको पालना भएको देखिएन ।	
	मनहरी गा. पा पुजीँगत	
४४	कार्यलयको लागी फर्निचर खरिद रकम रु.२६७७३९ भुक्तानी गरिएको तर सामाग्री खरिद नियमावलि अनुसार स्पेशिफीकेसन समेत खरिद र दाखिला गर्नपर्ने छ । जसले जिन्सी सामानको यथार्त मौज्दात र मुल्य यकिन हुन सकेन नियमको पालना नभएको रु.	२६७७३९
४५	बिचटोल चकरी झुल्यान गोलघर सल्याब ढलान उपभोक्ता समिति लाई भुक्तानी रनिङ बिल ४६७७३० को rate bill सच्याईएको पाईयो जुन नपाउने हो साथै रु.६०००० ग्राबेल १२० टिप प्रति टिप रु ५०० को दरले भरपाई समेत २०७५ सालको रहेको रु	६००००
४६	झुल्यान खेल मैदान उपभोक्ता समिति वडा नं २ लाई ५००००० को स्काभेटर भाडा १२० घण्टा लेखि २४०००० दर २००० को लेखि २००० ली डिजेलको बिल प्रस्तुत गर्नु भाको छ । जसको लंगबुक समावेश नगरेको देखिन्छ । दोहोरो गरी भाडा र ईन्धन दिन नमिल्ने देखिएकोले अनियमित भएको रु.	१६६८१४
४७	न्यु नारायणी स्टिल फर्निचर उधोग लाई न्यायिक समितिमा फर्निचर खरिद रकम रु.४९६१४१ मा करकटि रु.७४२९ गर्नुपर्नेमा रु.६५७५ मात्र गरेकोले रु ८५४ असूल हुनु पर्ने रु	८५४
४८	पुनम सप्लायर्सलाई भुक्तानी ७५ थान त्रिपालको रकम रु.२२४५८७ को त्रिपाल वितरण भएको नदेखिएकोले बितरणको भरपाई पेश गर्नुपर्ने ।	२२४५८७
५०	गोदावरी आईरन स्टोर्स प्रा लि लाई भुक्तानी खरिद HDPE PIPE ४८३९६० खर्चको पृष्टि हुने प्राविधिक estimate and evalution नभएको देखिन्छ ।	
५१	टेकराज पोखेल सरको नाममा मुल्याङकन समितिको नाममा वैठक भता लेखिएको रु.१९४६५० रकम बेरुजु भएको देखिन्छ सम्बन्धित समितिका सदस्यबाट असुल उपर गर्नुपर्ने । अर्थ मनत्रालय द्वरा स्वीकृत खर्च सम्बन्धी निर्णय र कार्यबिधिमा एउटै निकायका कर्मचारी मात्र बस्ने वैठकमा भता लिने कुनै व्यवस्था नरहेको साथै उक्त मुल्याङकन कार्यालय समयमा हुने भएकोले यो रकम असुल उपर गर्नुपर्ने रु	१९४६५०
५२	पाईप खरिद रकम नारायणी माईक्रो उधोगलाई भुक्तानी रु.६४९९५९ को पाईप हरुको हस्तान्तरण फारम भएपनी कसलाई बुझाएको खुल्न नआएको भौतिक परिक्षण गर्नुपर्ने ।	
	स्वास्थ्य पुजीँगततर्फ	
५३	बजेट शीर्षक प्राथमिक स्वास्थ्य केन्द्र भवन लगायत अन्य कार्य शीर्षक बाट छुटै कार्यको को लागी योजनाको भुक्तानी गरिएको देखिनन्छ । विकास योजनाको जुन कानुन सम्मत नभएको देखिन्छ १ ड्राईभरटोल स्ल्याब ढलान तथा ढल निर्माण कार्य समिति ७ लाई ३ लाख २ माँनेडाडा शाखा बाटो स्ल्याब ढलान उपभोक्ता समिति मनहरी ७ लाई ५ लाख ३ कत्लेखोला वाधँ निर्माण उपभोक्ता समिति मनहरी ७ ३८१६७१ ४ नर्मल खानेपानी उपभोक्ता समितीलाई १५०००० ५ निर्मल बस्ति ढल निर्माण उपभोक्ता समिती मनहरी ७ लाई २८४७९५ बिजौना स्ल्याब ढलान उपभोक्ता समिती मनहरी ७ लाई ६६४१२३	

दफा नं	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यपालिकाले निर्णय गरी रकमान्तर गरेको छ ।	
५४	कन्टिनजेन्सि कट्टि बाट ९१००० र गो भौ न २० शिक्षा पुजीँगत बाट २९९८२ विभिन्न पदाधिकारी कर्मचारी को नाम ईन्धन खर्च लेखी लगबुक पेश गरेको मा पेट्रोल ३४५ ली को ८८/७२ को दरले ३०६०८ डिजेल ९३७ ली को ७६/३३ को दरले ७१५२१ जम्मा रकम रु.१०२१२९ रहेपनि वैशाख जेठ र असार गरी बिल पेश गरेको देखिन्छ । जबकी उक्त महिनाहरुमा विभिन्न पदाधिकारीलाई ईन्धन दिईएको र भुक्तानी गरेको छ ।	
१०८.	**अनुगमन -** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	
१०९.	**बेरुजू फछ्र्यौट तथा सम्परीक्षण स्थिती :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८४ र आर्थिक कायांविधि तथा बित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ३९ बमोजिम कार्यालयले बेरुजू फछ्यौट गरि दफा ४० वमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले लेखापरीक्षणको क्रममा रु. ११००० बेरुजू फछ्यौंट गरि सम्परीक्षणको लागि पेश गरेकोमा निम्नानुसार रु. ११००० सम्परीक्षण गरिएको छ । बाँकी बेरुजु नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने देखिन्छ ।	

आर्थिक बर्ष	बेरुजू	फछ्र्यौटको व्यहोरा	फछ्यौट
२०७५.७६	४९	बढी भुक्तानी भएको रकम असुल भइ दाखिला भइ बेरुजु फछ्यौंट भएको आधारमा सम्परीक्षण भएको रु	**११०००**
		जम्मा	११०००

मनहरी गाउँपालिकाको संचितकोषको विवरण

अनुसुचि १

२०७६।०७७

प्रदेशः बागमती

(रु हजारमा)

क. सं.	स्थानीय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११
	मनहरी गाउँपालिका	मकवानपुर	२०१३२५	३८३९३५	१९७८१२	२०७४८	५०४७५	६५२९७०	२५६७२	२६२४३२	११०७३	६२९८९०	२२४४०

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुची २

२०७६।७७

(रु हजारमा)

सि नं	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु									
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनियमत भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोध भर्ना नलिए को	जम्मा	कमंचारी	अन्य	जम्मा
१	मकवानपुर	मनहरी गाउँपालिका	६५	१२८	१५२४३२	०	२५	४७४५	६५	१०३	१४७६८७	२४४५३	४६११७	४१८६६	०	०	८७९८३	८८	३५१६३	३५२५१

अनुसुची ३

अद्यावधिक बेरुजु स्थिति

(रु हजारमा)

क स	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	समायोजन	सं प लाइ अनुरोध भइ आएको	संपरीक्षण भएको	सम्परीक्षण गर्न नमिलेको	कारवाही गर्न बाँकी	गत बर्ष सम्मको बाँकी	यो वर्षको थप रकम	बाँकी	यो बर्ष सम्पबाट कायम बेरुजु	कुल बाकी बेरुजू	वाँकी वेरुजु मध्ये पेश्की
१	मनहरी गाउँपालिका	मकवानपुर	४६६०५	०	११	११	०	०	४६५९४	१४७६८७	१९४२८१	०	१९४२८१	४७१५२